का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ साउन २०८२
सोमबार
11 August 2025
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १९० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# ५९ वर्षदेखि गिजोलिएको गौरको जग्गा

गौर राइस आयल एन्ड फ्लोर मिल्स २०२३ सालमा बन्द भएपछि उक्त मिल्सको जग्गा सार्वजनिक प्रयोगमा रहँदै आएको छ । त्यस यतादेखि नै यो जग्गाको विषयको भोगचलनको विषय कुनै न कुनै रुपमा विवादमा रहँदै आएको छ ।





राइस मिलको जग्गा अधिग्रहण गर्न ५ करोड रुपैयाँ विनियोजन गरेका थियौं तर सो रकमले मात्र अधिग्रहण सम्भव छैन । रकम व्यवस्थापनका लागि पटकपटक संघ सरकार र प्रदेश सरकारलाई अनुरोध गर्दा सफलता प्राप्त हुन सकेको छैन ।

**शम्भु साह**
प्रमुख, गौर नगरपालिका

**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, २५ साउन

२००३ सालमा स्थापना भएको गौर राइस आयल एन्ड फ्लोर मिल्स नेपालको नाममा रहेको जग्गा विवाद सतहमा देखापरेको छ । त्यसबेला तुङ्ग शमशसेर, लक्ष्मीशंकर श्रेष्ठलगायतका केही नेपाली र भारत दरभंगाको अरविन्द बजाजलगायतका केही भारतीयहरूको सयुंक्त लगानीमा मिल सञ्चालन गरिएको थियो । उक्त मिल २०२३ सालमा बन्द भएपछि सो जग्गा सार्वजनिक प्रयोगमा हुँदै आएको छ । त्यसयता देखि नै यो जग्गाको विषयको भोगचलनको विषय कुनै न कुनै रूपमा विवादमा रहँदै आएको छ ।

हाल सार्वजनिक भोग चलनमा रहेको उक्त कम्पनीको नामको जग्गा सरकारले अधिग्रहण गर्ने निर्णय गरेपछि विवाद हुन पुगेको हो । २०६६ साल वैशाख २९ गते तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको मन्त्रिपरिषदले उक्त जग्गा सार्वजनिक गर्ने निर्णय गरेको थियो । सो निर्णयविरुद्धमा वैकुण्ठ पौडेलले सर्वोच्च अदालतमा रिट दिए । उत्प्रेषणयुक्त परमादेशको माग गर्दै परेको रिटमाथि सुनुवाइ गरेर सर्वोच्च अदालतले २०६७ पुस ८ गते सरकारी आदेश बदर गरिदियो । त्यसबेला अदालतले सो जग्गा मिलको रहेको भनेर फैसला सुनाएको थियो ।

पृष्ठ २ मा



मृतकका सम्झनामा आफन्तजनले काठमाडौंको वसन्तपुरमा निकालिएको गाईजात्रा । तस्बिर : हरिराम भेटुवाल/रासस

मिडिया काउन्सिल विधेयक

# मिडियामाथि अंकुश प्रयास

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २५ साउन

सरकारले ल्याउन लागेको मिडिया काउन्सिल विधेयकले मिडियामाथि थप अंकुश लगाउने प्रयास गरेको छ । प्रतिनिधि सभाअन्तर्गत सूचना शिक्षा तथा प्रविधि समितिमा विचाराधीन रहेको ड्राफ्ट विधेयकले संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई संकुचन गर्ने र मिडियामाथि नै अंकुश लगाउने प्रयास गरेको भन्दै सरोकारवालाले आपत्ति जनाएका छन् ।

मिडिया काउन्सिल विधेयकमा राखिएको नियुक्ति र बर्खास्तीको व्यवस्थाले अहिलेको प्रेस काउन्सिलभन्दा मिडिया काउन्सिल कमजोर हुने देखिन्छ । अनलाइन सञ्चारमाध्यमको दर्तासम्बन्धी बनेको नयाँ व्यवस्था फिर्ता गर्नसमेत सरकारलाई सरोकारवालाले ध्यानाकर्षण गराउँदै आएका छन् । यद्यपि सरकार पक्षले भने यसलाई हल्का रूपमा लिएको छ ।

> सरकारी कर्मचारीलाई मिडिया काउन्सिलको जिम्मा दिँदा स्वतन्त्र मिडियामाथि सरकारको प्रभाव रहने डर

विधेयकमा उल्लेखित प्रस्तावित व्यवस्थाअनुसार मिडिया काउन्सिलका पदाधिकारी नियुक्त गर्न सञ्चार मन्त्रालयका सचिवको संयोजकत्वमा तीन सदस्यीय समिति गठन हुनेछ । उक्त समितिमा मन्त्रालयकै सहसचिव र एक जना नेपाल सरकारले तोकेको व्यक्ति रहने व्यवस्था छ । यसले काउन्सिल सरकारबाटै नियन्त्रित र परिचालित हुने सरोकारवालाहरूको बुझाइ छ । सरकारी कर्मचारीलाई मिडिया काउन्सिलको जिम्मा दिँदा स्वतन्त्र मिडियामाथि सरकारको प्रभाव रहने नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष शिव गाउँलेले टिप्पणी गरे ।

मिडिया काउन्सिल विधेयकमा राखिएको नियुक्ति र बर्खास्तीको व्यवस्थाले अहिलेको प्रेस काउन्सिलभन्दा मिडिया काउन्सिल

पृष्ठ २ मा



मिडिया काउन्सिलमा नियुक्ति प्रक्रियाका लागि सरकारी कर्मचारी होइन, स्वायत्त र स्वतन्त्र उच्चस्तरीय समिति बनाइनुपर्छ । किनभने यो पत्रकारहरूको न्यायाधीश संस्था हो ।

**शिव गाउँले**
पूर्वअध्यक्ष, नेपाल पत्रकार महासंघ



यो विधेयक पूर्णतया प्रेस स्वतन्त्रताविरोधी र सञ्चारमाध्यमलाई समेत राज्यद्वारा अंकुश लगाउने गरी तयार पारिएको छ

**शिव लम्साल**
अध्यक्ष, नेपाल प्रेस युनियन



यो विधेयकको संरचनादेखि यसले गर्ने काममा समेत सरकारले हस्तक्षेप गर्न खोजेको देखिन्छ, दर्जनौं बुँदाहरूमा हाम्रो असहमति छ

**रामप्रसाद दाहाल**
महासचिव, नेपाल पत्रकार महासंघ

# नजिकिए चाडपर्व बजारमा बढेन चहलपहल

आर्थिक मन्दीको असरले गर्दा मानिसहरुको मनोबल बढ्न सकेको छैन । नेपालीहरुको आर्थिक अवस्थामा सुधार आउन सकेको छैन । परिणाममा अधिकांश क्षेत्रको व्यापार बढ्न नसकेको हो ।



आर्थिक मन्दीबाट अर्थतन्त्रमाथि उठन सकेको छैन । अझै मन्दीकै अवस्था छ । सरकारले व्यवसायी र आमनागरिकको मनोबल बढाउने गतिविधि नगर्दा बजार शिथिल छ ।

**नरेश कटुवाल**
संस्थापक अध्यक्ष
नेपाल राष्ट्रिय व्यवसायी संघ



**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं २५ साउन ।

नेपालमा महत्वपूर्ण चाडपर्व सुरु भएको छ । तर बजार चलायमान हुन सकेको छैन । विगतका वर्षमा समेत आर्थिक मन्दीको असरले गर्दा व्यापार कम भएको थियो । यो वर्ष पनि गत वर्षकै जस्तो अवस्था रहेको व्यवसायीहरू बताउँछन् ।

काठमाडौंको मुख्य व्यापारिक क्षेत्रमा नै चहलपहल छैन । यसबेला होलसेल कपडा व्यवसायीले दसैं र तिहारका लागि व्यापार गर्न भ्याइनभ्याइ हुनुपर्ने हो तर न्युरोडमा व्यवसायीहरू यतिबेला फुर्सदिला देखिन्छन् । महाबौद्धका व्यवसायी महेश थापा कोरोनापछि बजारमा चहलपहल नभएको बताउँछन् । थापा भन्छन्, 'विगतका वर्षमा समेत सोचेजस्तो व्यापार भएको थिएन, यस वर्ष राम्रो हुन्छ कि भन्ने आशा थियो तर चाडपर्वको समय सुरु हुदाँसमेत व्यापार छैन । यस्तै हो भने अब धेरै व्यवसायी पलायन हुनुपर्ने अवस्था आउँछ ।' चार्डपर्वको सिजन

पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगारभित्र लुकेको मानसिक रोगको समस्या

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ साउन

मलेसियास्थित नेपाली दूतावासले गत साता मलेसियामा प्यारालाइसिसबाट पीडित बनेका खोटाङ रुपाकोटका ३५ वर्षीय सुजन सार्की र मानसिक असन्तुलनबाट पीडित बनेका धनुषा जनकपुरका २७ वर्षीय आनन्द पाण्डे गरी दुई जना कामदारलाई नेपाल फर्काएको छ । तीन महिना थलिएका सार्कीलाई एम्बुलिफ्टमार्फत उद्धार गरिएको हो ।

वैदेशिक रोजगारीमा मलेसिया गएका पाण्डेले कम्पनीमै काम गर्ने क्रममा दुईपटक आत्महत्याको प्रयास गरे । दोस्रोपटक आत्महत्या प्रयास गरेपछि कम्पनीले दूतावासलाई जानकारी दियो । दूतावासको पहलमा उनलाई दुई सातासम्म क्रिस्टिना केयर सेन्टरमा राखियो । फिङ्गर प्रिन्टका लागि अध्यागमन कार्यालय लैजाँदा भागेका उनलाई खोज्न मलेसियाको प्रहरीलाई दुई घण्टा समय लाग्यो । उनलाई स्वदेश फर्काउँदा हवाई यात्रा अवधिभर लठ्याउने औषधिको समेत प्रयोग गर्नुपरेको थियो ।

वैदेशिक रोजगारीमा मानसिक समस्यामा पर्ने नेपालीको संख्या पछिल्ला दिन उल्लेखनीय रूपमा बढेको छ । मलेसियामा समस्यामा परेका सार्की र पाण्डे प्रतिनिधि उदाहरण मात्र हुन् । श्रम स्वीकृति लिएर वैधानिक तथा भिजिट भिसा प्रयोग गरेर युरोपेली मुलुक र अमेरिका पुग्ने सपनामा ठुलो रकम खर्चेर हिँड्ने दुवै अवस्थाका कामदार मानसिक स्वास्थ्य समस्यामा पर्ने गरेको बिबिसी नेपाली सेवाले उल्लेख गरेको छ ।

युरोपेली मुलुक छिर्ने भन्दै यूएईलाई पहिलो गन्तव्य बनाएर उड्नेहरू एजेन्ट मोटो रकम लिएर सम्पर्कविहीन बनेपछि चर्को मानसिक समस्यामा पर्ने गरेका छन् । कतिपय पार्कमा बर्बराउँदै हिँड्ने र कतिपय मानिसक स्वास्थ्य समस्याका कारण सडक दुर्घटनामा परे अंगभंग हुँदै थप मानसिक सन्तुलन गुमाउने अवस्थामा पुग्ने गरेको बताइन्छ ।

आबुधावीस्थित नेपाली दूतावासले भिजिट भिसामा पुग्ने यस्ता थुप्रै नेपालीहरू मानसिक तनावबाट गुज्रिएर मानसिक स्वास्थ्य समस्या पुग्ने र कतिपयले आत्महत्या

पृष्ठ २ मा

## निकट भविष्यमै एक हजार नेपाली कामका लागि इजरायल जाने

**काठमाडौं/रासस–** नेपालका लागि इजरायली राजदूत श्मुलिक आरीबासले निकट भविष्यमा एक हजार नेपाली कामका लागि इजरायल जाने बताएका छन् । इजरायलमा अध्ययन गरेको नेपालीहरूको संस्था सलोम क्लबले आइतबार राजधानीमा आयोजना गरेको कार्यक्रममा उनले कठिन समयमा रहेको इजरायललाई नेपालले सधैं नैतिक समर्थन गर्दै आएकोमा आभार व्यक्त गर्दै आफ्नो मुलुकले पनि नेपाललाई भरपर्दो मित्रका रूपमा व्यवहार गर्दै आएको बताए ।

राजदूत आरीबासले श्रम, शिक्षा, स्वास्थ्य, कृषि विकास र सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा नेपाललाई यथाशक्य सहयोग गर्दै आएको बताए । उनले भने, 'भविष्यमा पनि निरन्तर रहने छ, निकट भविष्यमा एक हजार नेपाली श्रमिक इजरायल जान लागेका छन् ।'

दुवै देशका सरकारी अधिकारी नेपाली श्रमिकलाई इजरायल पठाउने प्रक्रिया पूरा

पृष्ठ २ मा

Vacancy Announcement
A Reputed Manpower Recruiting Company based in Kathmandu is seeking applications from deserved applicants for the following position.
Accountant - 1 (Male/Female)
Minumum 2/3 Years experience in related field.
SALARY - NEGOTIABLE
WE'RE HIRING
ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, ९८४३२७६६२८
Email : info@bridgeskyint.com.np, admin@bridgeskyint.com.np
Website: www.bridgeskyint.com.np

मध्यान्ह
www.madhyanhadaily.com
२६ साउन २०८२ सोमबार
11 August 2025 Monday

# दक्षिण एसियाको आतंकवाद समाप्त पार्न भारतले अगुवाइ गर्नुपर्छ : उपेन्द्र यादव

**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, २५ साउन




जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले दक्षिण एसियामा आतंकवादी गतिविधि न्यून गर्न भारतले अगुवाई गर्नुपर्ने बताएका छन्।

नेपाल-भारत विकास मञ्चले आइतबार काठमाडौंमा आयोजना गरेको 'दक्षिण एसियामा आतंकवादको अवस्था र दीर्घकालीन समाधान' विषयक विचार गोष्ठीमा बोल्दै उनले सार्कजस्तो क्षेत्रीय संगठन आवश्यक रहेको र यसको पुनर्जीवनका लागि भारतले अगुवाइ गर्नुपर्नेमा जोड दिएका हुन्।

'भारत क्षेत्रीय शक्तिका रूपमा आतंकवाद विरुद्ध निर्णायक भूमिका खेल्न सक्छ। यसले सार्क लगायत अन्य क्षेत्रीय संस्थाहरूलाई सक्रिय बनाएर शान्ति र सुरक्षा कायम गर्न सकिन्छ' उनले भने।

उनले सार्क संगठन आतंकवादका कारण निष्क्रिय अवस्थामा पुगेको उल्लेख गर्दै भने, 'आतंकवादले पाकिस्तान र अफगानिस्तानमा गरिबी र बेरोजगारी समेत बढाएको छ। यसले क्षेत्रीय विकास र शान्तिलाई ठूलो चुनौती दिएको छ।'

पूर्व परराष्ट्रमन्त्री समेत रहेका अध्यक्ष यादवले आतंकवादी गतिविधिलाई कुनै पनि वादसँग जोडेर हेर्न नहुने जिकिर गरे। आतंकवादी गतिविधि राष्ट्रवाद, धर्म वा पृथकतावादी आन्दोलनका नाममा जन्मिए पनि यसको स्वरूप सधैँ अमानवीय र मानवविरोधी भएको उनले बताए।

'दक्षिण एसियामा कुनै पनि देश आतंकवादबाट अछुतो छैन। तर, पाकिस्तान र अफगानिस्तानमा यसको प्रभाव धेरै छ। भुटान, भारत र बंगलादेशमा पनि यसको गतिविधि देखिन्छ,' उनले भने।

यादवले आतंकवादकै कारण सार्क संगठन निष्क्रिय जस्तो अवस्थामा पुगेको बताए। आतंकवादले पाकिस्तान र अफगानिस्तानमा गरिबी र बेरोजगारी बढाएको उनले बताए। आतंकवाद राष्ट्रवाद, धर्म वा पृथकतावादी आन्दोलनका नाममा जन्मिए पनि यसको स्वरूप सदैव अमानवीय र मानवता विरोधी भएको यादवले बताए।

कार्यक्रममा पूर्वउपप्रधानमन्त्री एवं राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले आतंकवादलाई जन्मन दिनु नहुने भन्दै आफ्नो अधिकारको लागि शान्तिपूर्ण आन्दोलन गर्दा राज्यले बन्दुक चलाएको उदाहरणहरू रहेको भन्दै आतंक सिर्जना गरिएको प्रमाण भएको बताए। दक्षिण एसिया क्षेत्र भनेको आतङ्कवादी उत्पादन गर्ने क्षेत्र भएको उल्लेख गर्दै नेपालमा कुनै पनि प्रकारका आतंक हुन नहुने बताए।

नेपाल-भारतबिचको जनस्तरको सम्बन्ध कुनै व्यक्ति र राज्यले बनाएको सम्बन्ध नभएको पनि बताए। उनले भने, 'आतंकवादलाई जन्मन दिनु हुँदैन। समयमै यसबारे सोच्नुपर्छ। कहिले कहीँ राज्य आतंक पनि सिर्जना हुन्छ। व्यक्ति आतंक, राज्य आतंक, समूह आतंक विभिन्न हुन्छन्। राज्य आतंक पनि कहिले कहीँ हुँदो रहेछ। नागरिकमाथि राज्यले आतंकपूर्ण हमला, गतिविधि र व्यवहार गर्दछ। आफ्नै देशमा पनि भएका छन्।'

नेपाली कांग्रेसका नेता तथा पूर्वरक्षामन्त्री डा.मीनेन्द्र रिजालले दक्षिण एसियामा शान्ति र स्थिरताका लागि भारत-चीन सम्बन्ध मजबुत हुनु अपरिहार्य भएको बताए।

उनले देशभित्रको राजनीतिक विषयलाई आतंकवादसँग जोडेर हेर्न नहुने बताउँदै माओवादीको सशस्त्र आन्दोलनलाई राजनीतिक विद्रोहको रूपमा व्याख्या गरे। उनले भारतमाथि हुने कुनै पनि आतंक वा सुरक्षा सम्बन्धी आक्रमणमा नेपालको भूमि प्रयोग नहुने स्पष्ट पार्दै भारतको लागि मात्र होइन, कुनै पनि मुलुकविरुद्ध नेपालको भूमि प्रयोग हुन नदिइने स्पष्ट पारे।

भारत र नेपालको सम्बन्धलाई कुनै पनि मुलुकसँग दाँज्न नसकिने बताउँदै नेता रिमालले अन्य मुलुकहरूसँग पनि सम्बन्ध विस्तार गर्नुपर्नेमा जोड दिए। साथै उनले भारत-चीन सम्बन्धमा कटुता बढे नेपालका विकास निर्माणदेखि अन्य क्षेत्रमा असर पर्ने चेतावनी दिए।

कार्यक्रममा अन्य वक्ताहरूले दक्षिण एसिया आतंकवादको हटस्पट बन्दै गएको र यस्तो समस्याको स्थायी समाधानका लागि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी समन्वय आवश्यक रहेको औँल्याइएका थिए। विचार गोष्ठीमा आफ्नो कार्यपत्र प्रस्तुत गर्दै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले आतंकवाद केवल सुरक्षा चुनौती मात्र नभई राजनीतिक, सामाजिक, आर्थिक र भूराजनीतिक आयामसँग जोडिएको जटिल समस्या भएको उल्लेख गरे।

उनले अफगानिस्तान, पाकिस्तान, भारत, बङ्गलादेश, नेपाल, श्रीलंका, भुटान र माल्दिभ्स सम्मिलत दक्षिण एसिया क्रस-बोर्डर आतंकवाद, पृथकतावादी आन्दोलन, धार्मिक कट्टरपन्थ र राज्य प्रायोजित गतिविधिबाट प्रभावित भएको जिकिर गरे। त्रिपाठीले आतंकवादका कारण मानवीय क्षति, आर्थिक अवरोध, सामाजिक असन्तुलन र क्षेत्रीय अस्थिरता तीव्र भएको बताए। नेपाल-भारत विकास मञ्चका अध्यक्ष रामकिशोर सिंहको अध्यक्षमा भएको कार्यक्रम सञ्चालन निर्मला सुवेदीले गरेकी थिइन्।

# भूमि विधेयकका संशोधित दफा अध्ययन गर्न सांसदलाई दुई दिनको समय

**काठमाडौं/मस-** भूमि विधेयकका केही दफा स्पष्ट नभएका भन्दै सांसदलाई थप अध्ययनका लागि दुई दिनको समय दिइएको छ।



प्रतिनिधिसभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आइतबारको बैठकले केही बुँदा स्पष्ट नभएको भन्दै सांसदहरूले अध्ययनको समय माग गरेपछि यस विषयमा साउन २७ गते छलफल गर्ने गरी तय भएको सभापति कुसुमदेवी थापाले बताइन्।

यसअघिको बैठकमा दफा १२ (छ) को स्थानमा अर्को व्यवस्था गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई जिम्मेवारी दिएकामा आइतबार बिहानमात्र संशोधित बुँदा समितिमा प्राप्त भएको थियो। समितिको बैठक बस्नु केही समयअघि मात्र प्राप्त भएको संशोधित बुँदा प्रष्ट नभएको भन्दै समय माग गरिएको जनाइएको छ।

हतारमा दफामा गरिएको संशोधनसम्बन्धी व्यवस्था पारित गर्दा निजामती विधेयकमा 'कुलिङ अफ पिरियड' मा जस्तै हुनसक्ने भएकाले नयाँ व्यवस्थाबारे मिहीन अध्ययन गरेर मात्र अघि बढ्नुपर्ने सहमति भएको थियो।

बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले आरक्षबाट विस्थापित भएकालाई जग्गा दिने गरी कानुन बनाउनुपर्ने बताए। उनले जग्गा आरक्ष वा राष्ट्रिय निकुञ्जमा परेका तर हालसम्म केही नपाएका पीडितलाई जग्गा व्यवस्थापन गर्ने विधेयकमा व्यवस्था गरिएको जानकारी गराए।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशीटप्पु वन्यजन्तु आरक्षबाट विस्थापित भएका धेरै परिवारले जग्गा नपाएको गुनासो मन्त्रालयमा आएकाले त्यस विषयलाई विधेयकले सम्बोधन गर्ने मन्त्री अधिकारीको भनाइ थियो।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट सयौँ व्यक्ति विस्थापित भएका र उनीहरूले हालसम्म जग्गा प्राप्त गर्न नसकेको गुनासो गरेकाले विधेयकमार्फत त्यसलाई सम्बोधन गर्ने गरी व्यवस्था गरिनुपर्ने बताए।

समिति सभापति थापाले आरक्ष र राष्ट्रिय निकुञ्ज पीडितका विषयमा पटकपटक छलफल भएकाले यो समस्या समाधान हुने गरी विधेयकले व्यवस्था गर्ने प्रतिबद्धता जनाए।

बैठकमा सांसदहरू वीरबहादुर बलायर, भानुभक्त जोशी, अशोककुमार चौधरी, बिजुला रायमाझी, शान्ति विक, प्रतिमा गौतम, सरस्वती सुब्बा, सूर्यप्रसाद ढकाललगायतले संशोधन गरिएको बुँदा स्पष्ट नभएको, घुमाउरो भाषाको प्रयोग गरेर दुई खालको अर्थ लगाउन सकिने भएकाले त्यसलाई प्रष्ट पारिनुपर्ने बताए।

बैठकमा भूमि व्यवस्था मन्त्रालयका सचिव केदारनाथ शर्मा, कानुन मन्त्रालयका सहसचिव मानबहादुर अर्याल र समिति सचिव शिवदत्त बराललगायतले सांसदको भनाइअनुसार नै दफा संशोधनको प्रस्ताव गरिएको, प्रस्तावलाई अन्तिम रूप दिने काम सांसद र संसदीय समितिको नै भएकाले त्यसैअनुसार बनाइनुपर्ने धारणा राखेका थिए।

# विद्यालयलाई क्रमशः गैरनाफामूलक बनाइने वाक्यांश विधेयकबाट हटाउन माग

**काठमाडौं/मस-** निजी विद्यालय सञ्चालकले निजी विद्यालयलाई क्रमशः गैरनाफामूलक बनाइनेछ भन्ने वाक्यांश विद्यालय शिक्षा विधेयकबाट हटाउन माग गरेका छन्।




आइतबार निजी विद्यालयका संगठनहरू प्याब्सन, एनप्याब्सन, नेशनल प्याब्सन र हिसानले संयुक्त रूपमा पत्रकार सम्मेलनको आयोजना गरी विद्यालय शिक्षक विधेयकबाट उक्त व्यवस्था हटाउन माग गरेका हुन्।

प्याब्सनका महासचिव आरबी कटुवालले भने, 'विधेयकमा निजी लगानीमा सञ्चालित विद्यालयलाई क्रमशः गैरनाफामुलक बनाउँदै लैजाने प्रावधान, २०५८ सालमा सरकारले कम्पनी कानुन बमोजिम सञ्चालन गर्न दिनेगरी गरेको कानुनी व्यवस्था विपरीत छ।' उनले विधेयकमा पूर्ण छात्रवृत्ति शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक तथा शैक्षिक सामग्री, पोसाक, यातायातलगायतका सेवा उपलब्ध गराउनुपर्ने भन्ने विषय कम्पनी कानुनको भावना र मर्म विपरीत रहेको दाबी गरे।

उनीहरूले यही साउन २८ गतेभित्र आफ्ना माग सम्बोधन नभए साउन २९ गतेदेखि आन्दोलन गर्नेसमेत जानकारी गराएका छन्।

# साउदी अरबमा मनाइयो ३१औं विश्व आदिवासी दिवस

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, २५ साउन



नेपाल आदिवासी जनजाति महासंघ, राष्ट्रिय समन्वय परिषद साउदी अरबको आयोजनामा यस वर्षको ३१औं विश्व आदिवासी दिवस भव्यतापूर्वक सम्पन्न भएको छ।

महासंघमा आबद्ध जातीय संस्थाहरूको सक्रिय सहभागितामा आयोजित यस कार्यक्रमले 'प्राकृतिक श्रोत, जल, जमिन र जंगलमाथि आदिवासी जनजातिको अधिकार सुनिश्चित गर, संयुक्त राष्ट्रसंघका एजेन्सी संस्था युएनड्रिप र आईएलओ १६९ सम्बन्धी सर्वोच्च अदालतको निर्देशनात्मक आदेश कार्यान्वयन गर'भन्ने मूल नारालाई अगाडि सारेको थियो।

महासंघका अध्यक्ष खेम गुरुङको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमका प्रमुख अतिथि नेपाली दूतावास रियादका पूर्वी क्षेत्र जनसम्पर्क अधिकारी नारायण पासवान थिए। यसैगरी, विशिष्ट अतिथिमा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका पर्यटन दूत राजेन्द्र अर्याल र नेपाल आदिवासी जनजाति महासंघका प्रमुख संरक्षक ओम घलेको उपस्थिति रहेको थियो। कार्यक्रममा नेपाल वायुसेवा निगमका कन्ट्री म्यानेजर अञ्जु शर्मा, महासंघका संरक्षक प्रसाद यावा लिम्बु, र महासंघका प्रमुख सल्लाहकार बिरेन्द्र कुमार चौधरीलगायत अतिथिहरू सहभागी थिए।

महासंघका उपाध्यक्ष विजय लामाले स्वागत मन्तव्य राखेको उक्त कार्यक्रममा सबै जातिहरूको संयुक्त झाँकी निकालिएको थियो।

कार्यक्रममा प्रमुख अतिथि, विशिष्ट अतिथि तथा अन्य अतिथिहरूले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन महासंघका कोषाध्यक्ष चित्र चामलिङ राईले गरेका थिए।

कार्यक्रममा सभापति खेम गुरुङले कार्यक्रमलाई सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै औपचारिक कार्यक्रमको समापन गरेका थिए।

दोस्रो चरणको सांस्कृतिक कार्यक्रम सांस्कृतिक संयोजक के.बी. कौउचा मगर र सह-संयोजक कुमार लामाको संयोजनमा सम्पन्न भएको थियो। सांस्कृतिक कार्यक्रमले सहभागीहरूलाई मनोरञ्जन प्रदान गरेको थियो।

**५९ वर्षदेखि...**

त्यसयता सो जग्गाको अधिग्रहणका लागि निरन्तर प्रयास भए पनि अझै अधिग्रहण हुन सकेको छैन।

यता गौर राइस आयल एन्ड फ्लोर मिल्स (नेपाल) लिमिटेडका सञ्चालक अध्यक्ष प्रतुल लाल श्रेष्ठको अध्यक्षतामा मिति २०८१ साल भदौ १० गते बसेको संचालक समितिको बैठकले केही निर्णय गऱ्यो। जसअन्तर्गत कम्पनीका सचिव सन्यमान बाईवालाई रौतहट जिल्लाको साबिक रौतहट गा.वि.स. गौर वडा नं. क्रमश. कित्ता नं. १३९, १४०, ८०३ र १६३ कित्ताका जग्गा बिक्री गर्न दिने निर्णय भयो। दक्षिण तर्फबाट भोगअनुसार क्षेत्रफल २-१५-० सोसँग टाँसिएको निर्मित सड्कसमेत नगरपालिकाको नाउँमा खेल्कुद मैदानका लागि दान पत्र पारित गरिदिनका लागि निर्णय भयो। कित्ता नं.१६३ ट दान पारित गरी बाँकी रहेको जग्गा र केही जग्गासमेत बिक्री गर्न अख्तियारनामा दिने निर्णय भएको थियो।

सञ्चालक समिति अध्यक्ष प्रतुल लाल श्रेष्ठको अध्यक्षतामा बसेको सञ्चालक समिति बैठकले २०८१ साल भदौ १० गते दान पत्र पारित गरी जग्गा दिने गऱ्यो। सोही दिन कम्पनीको नामको जग्गा बिक्री गर्ने र अख्तियारनामा दिने सम्बन्धमा निर्णय भएको थियो। तर सञ्चालक समितिले गरेको सो निर्णय कार्यान्वयनमा आउन सकेको छैन। जग्गा दानको सम्पत्तिको निर्णय कार्यान्वयन गरी जग्गा प्राप्ति गर्न नगरपालिकाले प्रयास गरिरहेको छ। यसका लागि सबै निकाय जग्गा अधिग्रहण र प्राप्तिका लागि पहल गरिदिन आग्रह गरे पनि सोचेअनुसार काम अघि बढ्न नसकेको गौर नगरपालिकाका प्रमुख शम्भु साह बताउँछन्।

आफूले चुनावताका प्रमुख ऐजेन्डामा नै राइस मिल ग्राउन्ड अधिग्रहण गरी सार्वजनिक जग्गाका रूपमा नगरवासीलाई हस्तान्तरण गर्ने बाचा तथा घोषणा गरेको उनी स्मरण गर्छन्। तर, हाल विभिन्न सञ्चारमाध्यम र संघ संस्थाले भ्रम छर्न खोजेको उनको शंका छ।

'... चुनावको प्रमुख ऐजेन्डामा नै राइस मिल ग्राउन्डलाई अधिग्रहण गरी सार्वजनिक जग्गाका रूपमा नगरवासीलाई हस्तान्तरण गर्ने वाचा थियो', उनले विज्ञप्ति नै निकालेर भनेका छन्, 'हामी निर्वाचित भएपछि नगरपालिकाको प्रथम बजेटमा नै राइस मिलको जग्गा अधिग्रहण गर्न ५ करोड रुपैयाँ विनियोजन गरेका थियौं तर सो रकमले मात्र अधिग्रहण सम्भव नरहेको हुँदा रकम व्यवस्थापनका लागि पटक-पटक संघ सरकार र प्रदेश सरकारलाई अनुरोध गर्दा सफलता प्राप्त हुन सकेको छैन।'

उनका अनुसार राइस मिलको जग्गा अधिग्रहण गरी सार्वजनिक जग्गाका रूपमा नगरवासीलाई समर्पित गर्ने विषयमा गौर राइस मिल एन्ड फलोर कम्पनीका सञ्चालक समितिसँग वार्ता भएको छ। खेल मैदानको रूपमा प्रयोगमा रहेको २-१५-० दुई बिघा १५ कट्टा भोगअनुसार निःशुल्क गौर नगरपालिकाको नाउँमा पास गर्ने कुरा भएको छ। जग्गामा रहेको सार्वजनिक सडक तथा धर्मशालाबाहेकको जग्गा फुकुवा गर्ने निर्णयसमेत भएको छ।

सहमतिअनुसार राइस मिलको जग्गा प्राप्त गरी सार्वजनिक जग्गाको रूपमा रूपान्तरण गर्ने कार्य अघि बढिरहँदा कतिपयले भ्रम सिर्जना गर्न खोजेको उनको गुनासो छ।

**मिडियामाथि...**

कमजोर हुने भएकाले यस्तो व्यवस्था गर्न नहुने उनको सुझाव छ। 'सरकारले ल्याउने तयारी गरेको मिडिया काउन्सिल विधेयकमा व्यवस्था गरिएको नियुक्ति र अवकाशको प्रक्रिया सच्याउनुपर्छ,' उनले मध्यान्हसँग भने, 'नियुक्ति प्रक्रियाका लागि सरकारी कर्मचारी होइन स्वायत्त र स्वतन्त्र उच्चस्तरीय समिति बनाइनुपर्छ किनभने यो पत्रकारहरूको न्यायाधीश संस्था हो।' पत्रकारहरूको अनुगमन, मूल्यांकन र न्याय अन्याय छुट्याउने संस्थामा राजनीतिक आग्रह पूर्वाग्रह रहँदा स्वतन्त्र रूपमा काम गर्न नसक्ने गाउँलेले दाबी गरे।

सञ्चार मन्त्रालयका सचिव मातहत रहेर मिडिया काउन्सिलको अध्यक्षले काम गर्नुपर्ने देखिएकाले मिडियाबारे स्वतन्त्र रूपमा अनुगमन हुन्छ भन्ने विश्वास गर्न नसकिने भन्दै यसको आमरूपमा आलोचना भइरहेको छ। प्रेस स्वतन्त्रताको विश्वव्यापी मान्यता, राष्ट्रिय आमसञ्चार नीति २०७३, आमसञ्चार क्षेत्र सुधार समितिको सुझाव र सरोकारवाला पक्षसँगको सुझावअनुसार सरकारले कानुन बनाउनुपर्ने नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले बताए। 'यो विधेयक पूर्णतया प्रेस स्वतन्त्रताविरोधी र सञ्चारमाध्यमलाई समेत राज्यद्वारा अंकुश लगाउने गरी तयार पारिएको छ,' लम्सालले भने, 'सरकारको यो अभ्यासले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिकको सूचनाको अधिकारमाथि नै प्रहार गर्न खोजेको देखिन्छ। त्यस कारण विचाराधीन विधेयक नै फिर्ता गरेर आमसरोकारवालासँगको छलफल र सुझाव लिएर मात्रै अघि बढाउनुपर्छ।'

विषयगत समितिमा छलफलमा रहेको मिडिया काउन्सिल विधेयकका महत्वपूर्ण प्रावधान सरकार नियन्त्रित र प्रतिगामी रहेको निष्कर्षसहित पत्रकारसँग सम्बन्धित विभिन्न संघसंगठनहरूले विरोध जनाएका छन्।

समितिमा छलफल सकेर चाँडै सदनमा लैजाने तयारीमा रहेको विधेयकमा काउन्सिलका पदाधिकारीलाई काम नगरे सजिलै हटाउन सक्ने प्रावधान रहेकाले सरकारले भनेबमोजिम काम गर्न नसक्ने पदाधिकारीका लागि समेत चुनौतीपूर्ण रहेको देखिन्छ। अध्यक्षविरुद्ध कुनै मुद्दा पऱ्यो र निलम्बनमा जाने अवस्था बन्यो भने सरकारले अर्को अध्यक्ष नियुक्त गर्न सक्नेछ। साथै, यस प्रावधानको दुरुपयोग हुन सक्नेछ।

मिडिया अनुगमन गर्ने निकायलाई सरकारले जसरी पनि आफ्नो अधीनमा राख्ने नियत देखिएको नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले बताए। 'मिडिया काउन्सिलमार्फत प्रेसमाथि नियन्त्रण र स्वतन्त्र पत्रिकारितामाथिको अंकुश लगाउने प्रयासमा सरकार रहेको प्रस्तावित विधेयकले देखाउँछ,' उनले भने।

दफा ६ मा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको र पत्रकारिताको क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभवसहित सो क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको व्यक्तिलाई नेपाल सरकारले अध्यक्ष नियुक्त गर्ने व्यवस्था गरेको छ। प्रस्तावित विधेयकको दफा १५ मा कुनै मुद्दा परेर काउन्सिलको अध्यक्ष निलम्बनमा रही ३ महिनाभन्दा बढी अवधिका लागि कार्यसम्पादन गर्न नसक्ने भएमा नेपाल सरकारले दफा ६ को उपदफा (२) बमोजिमको समितिको सिफारिसमा बाँकी अवधिका लागि अर्को अध्यक्ष नियुक्ति गर्न सक्नेछ।'

पत्रकार महासंघका महासचिव दाहालका अनुसार विधेयकको संरचनादेखि यसले गर्ने काममा समेत सरकारले हस्तक्षेप गर्न खोजेको देखिन्छ। उनले मध्यान्हसँग भने, 'यो विधेयकको संरचनादेखि यसले गर्ने काममा समेत सरकारले हस्तक्षेप गर्न खोजेको देखिन्छ,' दर्जनौं बुँदाहरूमा हाम्रो असहमति छ। त्यसकारण मिडिया काउन्सिल विधेयक फिर्ता गरेर नेपाल पत्रकार महासंघसहित सरोकारवालासँगको छलफलपश्चात् पुनर्लेखन गर्नुपर्छ।'

विचाराधीन विधेयकको व्यवस्थामाथि असन्तुष्टि जनाउँदै आइतबार प्रेस सेन्टर नेपालका अध्यक्ष कमल गिरी, समाजवादी प्रेस संगठन नेपालका अध्यक्ष शम्भु श्रेष्ठ, जनपत्रकार संगठन नेपालका अध्यक्ष शेरबहादुर विश्वकर्मा, क्रान्तिकारी प्रेस संगठनका संयोजक नारायण शर्मा र प्रेस नेपालका सल्लाहकार केशव अर्यालले संयुक्त प्रेस वक्तव्य जारी गर्दै फिर्ता गर्न सरकारसँग माग गरेका छन्। 'यसले पूर्ण प्रेस स्वतन्त्रतालाई संकुचन गरेको छ। प्रेस स्वतन्त्रताको विश्वव्यापी मान्यता, संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रता, राष्ट्रिय आमसञ्चार नीति २०७३, आमसञ्चार क्षेत्र सुधार समितिको सुझाव र सरोकारवाला पक्षसँगको समझदारीबमोजिम विधेयक संशोधन गरेर स्वतन्त्र, स्वायत्त र सक्षम मिडिया काउन्सिल स्थापना गरिनुपर्छ,' वक्तव्यमा भनिएको छ।

**नजिकिए...**

सुरु हुँदै गर्दा न्युरोड, महाबौद्ध, असनदेखि भोटाहिटी क्षेत्रमा पसलहरू व्यापार छैन।

१० वर्षदेखि असनमा व्यापार गर्दै आएकी लक्ष्मी श्रेष्ठ पछिल्लो दुई/तीन वर्षमा व्यापार हुने मुख्य समयमा पनि चहलपहल नभएको बताउँछिन्। किन्न आउनेहरू समेत धेरै बार्गेनिङ गर्ने र महँगो भन्ने गरेको श्रेष्ठ बताउँछिन्।

आर्थिक मन्दीको असरले गर्दा मानिसहरू मनोबल बढ्न नसक्दा अधिकांश क्षेत्रको व्यापारमा बढ्न सकेको छैन। नेपाली हिन्दुहरूको महत्वपूर्ण चाड दसैं आउन अब ६ साता मात्र बाँकी छ। तर चाडपर्व सुरु हुदाँसमेत बजारमा चलायनमान नभएको देख्दा व्यवसायी चिन्तित छन्। यसबेला राम्रो व्यापार गरेर तिहारका लागि नयाँ आइटम अडर गर्ने बेलामा दसैंका लागि ल्याएको लत्ताकपडा नै बिक्री नहुँदा व्यवसाय गर्नेहरूमा निराशा देखिन्छ।

नेपाल राष्ट्रिय व्यवसायी संघका संस्थापक अध्यक्ष नरेश कटुवालले अहिले व्यवसाय गरेर भाडा तिर्नसमेत कठिन रहेको बताउँछन्। कटुवाल भन्छन्, 'आर्थिक मन्दीबाट अर्थतन्त्र माथि उठन सकेको छैन। अझै मन्दीकै अवस्था छ। सरकारले व्यवसायी र आमनागरिकको मनोबल बढाउने गतिविधि नगर्दा बजारमा शिथिल छ।'

उनले भने, 'कोरोना महामारीका कारण थला परेका व्यवसायी कति पलायन भए भने अब कति अझै पलायन हुने हो थाहा छैन। यस वर्षसमेत व्यापार नहुने हो भने व्यावसाय बन्द गरेर कति जनालाई त विदेश जानुपर्ने अवस्था आउन सक्छ।'

आर्थिक मन्दीको असरले गर्दा अन्य व्यवासायमा समेत अझै असर गरेको छ। व्यापार नै कम हुन थालेपछि पसलको भाडा नै तिर्न समेत गाह्रो हुने अवस्था आइरहेको व्यवसायी बताउँछन्।

**वैदेशिक...**

नै गर्ने गरेको देखिएको बताएको छ। यूएईमा गत जनवरीयतामात्रै २५ जनाले आत्महत्या गरेका छन्। दूतावासकी नियोग उपप्रमुख रञ्जिता दाहालले अहिले मानसिक स्वास्थ्य समस्याका कारण आत्महत्या बढिरहेको जानाकारी दिइन्।

अपेक्षाअनुसार काम, सेवा सुविधा र तलब नहुनु र घरमा ऋणको बोझ जस्ता तनावले धेरै कामदारलाई मानसिक समस्यासम्म पुऱ्याइरहेको उनले बताइन्।

एउटा जागिर छोडेर अर्को जागिर नपाउनेहरू पनि मानसिक स्वास्थ समस्यामा पर्ने गरेको उनको भनाइ छ। कतिपय नेपालमा नै मानसिक स्वास्थ्य समस्या पीडित भएर जाने र गन्तव्य देशमा औषधि नपाउँदा थप समस्यामा पर्ने गरेका छन्।

श्रम विज्ञ मिना पौडेल आर्थिक दबाब, मानसिक दबाब, गलत साथीहरूको संगतमा लाग्ने, सामाजिक दबाब जस्ता कारणले कामदारमा मानसिक समस्या बढेको बताउँछिन्।

मानसिक समस्यामा पर्ने कामदारलाई राहत दिन वैदेशिक रोजगार बोर्डले वीर अस्पतालसँगको समन्वयमा टेलिमेडिसिन सेवा सञ्चालन गर्दै आएको छ। कतार, यूएई मलेसियालगायत देशबाट धेरैले मनोसामाजिक परामर्श खोज्ने गरेको देखिएको छ। खाडी र मलेसिया बाहेक दक्षिण कोरिया, जापान जस्ता विकसित देशमा वैदेशिक रोजगारीमा जाने कामदार र विद्यार्थी दुवैमा मानसिक स्वास्थ्य समस्या बढेका विवरणहरू आएका बिबिसीको समाचारमा उल्लेख छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वैदेशिक रोजगार महाशाखा प्रमुख जीवलाल भुसाल मानसिक स्वास्थ्य समस्या अझै बढ्न सक्ने अवस्थालाई ध्यानमा राखेर स्वास्थ्य परीक्षण गर्ने संस्थाहरूलाई जिम्मेवार बनाउँदै डिजिटल एपहरू निर्माण गरेर टेलिमेडिसिन जस्ता उपायबाट मनोपरामर्श सेवालाई बढाउने लक्ष्य राखिएको बताउँछन्।

वैदेशिक रोजगार बोर्डको सचिवालय स्थापना भएको आर्थिक वर्ष २०६५/६६ देखि गत आर्थिक वर्षसम्म १५ वर्षको अवधिमा १४ हजार ३ सय ५२ जना नेपालीले ज्यान गुमाएका थिए। त्यसमा मानिसक स्वास्थ्य समस्यामा पर्नेहरू पनि धेरै रहेको आँकलन छ।

**निकट...**

गर्ने चरणमा रहेको उनले बताए। राजदूत आरीबासले इजरायल-नेपाल सम्बन्ध सुमधुर रहेको चर्चा गर्दै यसलाई थप उचाईमा पुऱ्याउन आफू प्रतिबद्ध रहेको बताए।

क्लबका अध्यक्ष प्रा. भीमप्रसाद श्रेष्ठले नेपाल र इजरायलबीचको जनस्तरको सम्बन्धसेतुका रूपमा क्लबले काम गरिरहेको बताए।

## कतारमा रोजगारको अवसर

कम्पनी: EZDAN HOTELS COMPANY
शहर : Doha
पूर्व स्वीकृत मिति : २०८२/०४/२५
चलानी नं.:६०२४२६६९
LT. No.: 328825

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Agent/General | 3 | 0 | [illegible] | 1100 | ४२,४६० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | २ वर्ष |
| 2. | Dry Clean Worker | 0 | 8 | | 1000 | ३८,६०० | | | | | | | |
| 3. | Cleaner, Hotels | 7 | 0 | | 1000 | ३८,६०० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादी जीवन बिमा कसले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमा: २०८२ भाद्र २ गते (18 Aug 2025) मा हुनेछ।

White Gloves International Pvt. Ltd
P.O.Box No.: 9688, Samakhusi, Kathmandu , Tel.: 01-4964953
Mob.: 9860114382, 9851278676, 9851276684, Email: whitegloves1060@gmail.com
Govt. Lic. No. 1060/073/074

मध्यान्ह
www.madhyanhadaily.com



# 'सरकारमा जाने विषय हाम्रो प्राथमिकतामा छैन'



चितवन/मस- नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सरकारमा जाने विषय आफूहरूको प्राथमिकतामा नरहेको बताएका छन् ।

आइतबार पत्रकारसँग कुराकानी गर्दै उनले सरकारले गरेका कामको विरोध गर्दा माओवादीलाई सरकार चाहिएको जसरी अर्थ्याउन खोजिएको भन्दै अहिले नै सरकारमा जाने कुनै सोच नरहेको उनको भनाइ छ । सरकार परिवर्तनका विषयमा सोधिएको प्रश्नमा अध्यक्ष प्रचण्डले भने, 'यो सरकारले राम्रो काम गरिरहेको छैन । त्यस विषयमा कुरा उठाउँदा सरकार चाहिएको जसरी बुझ्नु हुँदैन । हामीलाई सरकार चाहिएको छैन । त्यस विषयमा हामीले कुनै चासो राखेका छैनौं ।'

माओवादी केन्द्रले भदौ तेस्रो सातासम्म विगतमा स्थगन भएको अभियानलाई पुनः सुरु गर्ने र त्यसपछि पुनः केन्द्रीय समितिको बैठक बसेर नयाँ एजेन्डासहित अघि बढ्ने उनको भनाइ थियो । 'त्यसैले हाल सरकारभन्दा जनताका कुरा सुन्नतर्फ पार्टीलाई केन्द्रित गरिरहेका छौं । जनताको गुनासो र ती गुनासा समाधानका लागि अभियान पुनः सञ्चालन गर्न लागिएको हो', अध्यक्ष दाहालले भने ।

हाले सम्पन्न स्थायी समिति बैठकबाट पार्टी एकताबद्ध भएको भन्दै उनले बैठकले गरेका निर्णय कार्यान्वयनमा आउने बताए । फरक प्रसंगमा उनले निर्माणाधीन गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रंगशालाको निरीक्षण गरेको र त्यहाँ द्रुतगतिमा काम अघि बढाउनुपर्ने आवश्यकता महसुस भएको उल्लेख गरे ।

# शून्य बेरुजु लुम्बिनी प्रदेश बनाउने गरी लाग्न मुख्यमन्त्रीको निर्देशन

सुर्यप्रसाद भुसाल/मध्यान्ह
भालुवाङ, २५ साउन



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आर्थिक अनुशासन कायम राख्दै शून्य बेरुजु प्रदेश बनाउने लक्ष्यसहित काम गर्न निर्देशन दिएका छन् ।

लुम्बिनी प्रदेशसभा अन्तर्गत सार्वजनिक लेखा समितिले आयोजना गरेको 'प्रदेशभर बेरुजु फछ्यौंटको अवस्था र भावी योजना'विषयक अन्तरक्रिया कार्यक्रममा सम्बोधन गर्दै उनले हरेक मन्त्रालय तथा मातहतका कार्यालयहरूले बेरुजु फछ्यौंटलाई पहिलो प्राथमिकतामा राखेर योजना निर्माण गरी कार्यान्वयनमा लैजानुपर्ने बताए ।

मुख्यमन्त्री आचार्यले असुल-उपर गर्नुपर्ने बेरुजुलाई ध्यानमा राखी असुल-उपरको भूमिकालाई तीव्र पार्न आग्रह गर्दै यस विषयमा कुनै प्रकारको दुविधा नराखी परिणाममुखी ढंगले काम गर्न आवश्यक रहेको उल्लेख गरे । महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख भएका विषयहरूलाई प्रदेश सरकारले गम्भीरतापूर्वक ग्रहण गरी सुधारका योजना निर्माण र कार्यान्वयन गरिने उनले स्पष्ट पारे ।

उनका अनुसार, छलफलमा उठेका विषयहरूलाई सरकार गम्भीरतापूर्वक लिँदै आएको छ । योजना निर्माण र नीति तर्जुमा गर्दा प्राथमिकतामा परेका विषयलाई बजेट तथा कार्यक्रममा समावेश गर्न र त्यसलाई कार्यान्वयनमा लैजान सरकार अघि बढेको छ । उनले सरकारको कार्य-कारवाही पारदर्शी बनाएको दाबी गर्दै यसले समस्या समाधानमा योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

सार्वजनिक लेखा उपसमितिका संयोजक विष्णुप्रसाद पन्थीले महालेखा परीक्षकको सातौं प्रतिवेदनमा समावेश र औंल्याइएका विषयहरूबारे छलफलमा प्रष्ट पार्दै, नीति तथा कार्यक्रममा समावेश विषयलाई बजेटमा अनिवार्य जोड्न, आवधिक योजनामा प्राथमिकतामा रहेका कार्यक्रमलाई वार्षिक बजेटमा राख्न, अधुरा आयोजना पूरा गर्ने गरी कार्यक्रम बनाउन, अनुदान व्यवस्थापनमा ध्यान दिन, सम्पत्ति व्यवस्थापनमा जोड दिन र कार्यक्षेत्रभित्र रहेर काम गर्नुपर्ने जस्ता सुझावहरू महालेखाले दिएको जानकारी दिए ।

बैठकमा बेरुजु फछ्यौंटको उपलब्धि मासिक रूपमा सीमाभित्र प्रतिवेदन बुझाउन जोड दिइएको छ । जति बजेट खर्चलाई प्राथमिकता दिइन्छ, त्यति नै ध्यान बेरुजु फछ्यौंटमा दिनुपर्ने र यो विषय सबैको चासो तथा प्राथमिकताको हुनुपर्नेमा बल दिइयो । बजेट निकासा र कार्यान्वयनसँग बेरुजुको विषयलाई जोडेर समस्या समाधान गर्न सकिनेमा पनि छलफल भएको छ ।

कार्यक्रममा मुख्यमन्त्री आचार्यसहित भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाल, कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थी, उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपाने, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री सीता शर्मा चौधरी, सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सिना, सार्वजनिक लेखा समितिका सदस्यहरू, प्रमुख सचिव बाबुराम अधिकारी, प्रदेशसभा सचिवालयका कर्मचारी तथा मन्त्रालयका सचिवहरूको सहभागिता थियो ।

# सामान्य प्रशासन मन्त्रालयमा 'गुनासो व्यवस्थापन केन्द्र'

काठमाडौं/मस- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नागरिकको गुनासो सुन्न र समाधान गर्न 'गुनासो व्यवस्थापन केन्द्र' सञ्चालनमा ल्याएको छ । मन्त्रालयले प्रवाह गर्ने सबै प्रकृतिका सेवा र सोको प्रक्रिया एवं नतिजाका सम्बन्धमा सेवाग्राहीका गुनासाको सुनुवाइ तथा समाधान गर्ने इकाईको रुपमा सो केन्द्र सञ्चालनमा ल्याइएको हो ।

सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले गुनासो व्यवस्थापन केन्द्रले सेवाग्राहीलाई तत्काल प्रतिक्रिया दिने र प्रक्रियागत ढिलाइ हटाउनमा केन्द्रित भएर नयाँ प्रणाली लागू गरिएको बताइन् । उनले भनिन्,'नागरिकका गुनासा सुन्ने र तत्काल समाधान गर्ने कामलाई अब औपचारिक र प्रणालीगत बनाइयो । यसबाट नागरिकको भरोसा बढ्नेछ ।'

गुनासो व्यवस्थापन केन्द्रले मन्त्रालयको कार्यक्षेत्र र कार्यसम्पादनसँग सम्बन्धित विषयका गुनासाहरू व्यवस्थापन गर्न गुनासो व्यवस्थापन इकाईको रुपमा कार्य गर्नेछ । गुनासो व्यवस्थापन गर्न उपसचिवको नेतृत्वमा कर्मचारी रहने गरी जिम्मेवारी तोकिएको छ ।

केन्द्रले गुनासाहरूको सङ्कलन, वर्गीकरण र सम्बोधन गर्नेछ । केन्द्रमा रहने कर्मचारीहरूले सेवाग्राहीबाट प्राप्त गुनासा अध्ययन र वर्गीकरण गर्नेछन् । कुनै निर्धारित विधि र प्रक्रिया पूरा गर्नुपर्ने सामान्य प्रकृतिका सूचना वा जानकारी दिनुपर्ने वा स्पष्ट गर्नुपर्ने किसिमका गुनासा भए गुनासो सहजकर्ताले तत्कालै सम्बोधन गर्ने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ ।

केन्द्रमा रहने कर्मचारीहरूले तत्कालै सम्बोधन गर्न नसक्ने प्रकारको गुनासा भए समाधानका लागि सम्बन्धित शाखामा पठाउने र सम्बन्धित शाखाले तत्काल सम्बोधन गर्न सम्भव हुने गुनासा शाखा प्रमुखबाट तत्कालै सम्बोधन हुनेछ ।

# सल्यानमा गाईजात्रा सुरु, आठ रात नौ दिनसम्म चल्ने

प्रदिप मगर/मध्यान्ह
सल्यान, २५ साउन



आठ रात नौ दिनसम्म निरन्तर चल्ने प्रसिद्ध तथा सांस्कृतिक गाईजात्रा पर्व साँझदेखि सल्यानमा विधिवत् रूपमा सुरु भएको छ ।

भिमसेन थान मन्दिरबाट परम्परागत 'घिन्ताङघिसी' नाच (लठी जुधाएर खेलिने नाच)निकालिएसँगै सल्यानको सबैभन्दा लामो र आकर्षक मानिने यो जात्राको प्रारम्भ भएको हो । जनैपूर्णिमाको साँझ सदरमुकाम खलंगामा घिन्ताङघिसी नाचको बजार परिक्रमा गरेपछि जात्राको सुरुवात गर्ने परम्परा रहिआएको छ ।

जात्राको मुख्य दिन भने आइतबार हो, जसमा खलंगामा विशेष उल्लास र धूमधामका साथ गाईजात्रा मनाइँदैछ । जिल्लाका विभिन्न ठाउँबाट हजारौं दर्शक खलंगा र श्रीनगरलगायत स्थानमा मौलिक जात्रा हेर्न आउने गर्छन् ।

आइतबारको प्रमुख आकर्षण घिन्ताङघिसी नाच नै हो । वर्षभित्र दिवंगत भएका आफन्तको सम्झनामा प्रत्येक घरबाट निस्कने सयौं नाच टोलीहरूले बजार परिक्रमा गर्छन् । बाजागाजा र नाचको रौनकले बजार गुञ्जायमान बनेको छ । जात्रा अवधिभर खलंगामा लाखे नाचसहित विभिन्न मौलिक नाचहरूको प्रदर्शन पनि गरिन्छ ।

यो जात्रामा २ दिन गाई जात्रा, रोपाईं जात्रा, सिपाई जात्रा, बैरागी जात्रा, गणेश जात्रा, भिमसेन जात्रा, कृष्ण जागरण जात्रा र कृष्ण जन्मा जात्रा मनाइन्छ । जनैपूर्णिमादेखि सुरु भएको जात्रा कृष्ण जन्माष्टमीसम्म चल्ने नेवाः समाज सल्यानका अध्यक्ष बिमल श्रेष्ठले जानकारी दिए । उनका अनुसार, यसलाई सल्यानकै सबैभन्दा लामो र सांस्कृतिक रूपमा समृद्ध जात्राको पहिचान दिइएको छ । पुरानो इतिहास बोकेको गाई जात्राले नयाँ पुस्तासँगै केही आधुनिकता पनि जोडेको पाइन्छ ।

शारदा नगरपालिका-३ का नेवार समाजका अगुवा मौसम श्रेष्ठले भने, 'पुरानो र अहिलेको गाई जात्रामा नाच्ने, गाउनेलगायत केही कुरामा युवाले आधुनिकता मिसाउने गरेका छन् ।'

उनका अनुसार, एक सेट लाखेका लागि सम्पूर्ण सामग्री खरिद गर्न सरदर एक लाख रुपैयाँ लागत लाग्ने गर्दछ । आर्थिक रूपमा झन्झटिलो हुने भएकाले प्रायः समिति, टोल तथा संस्थाहरू मिलेर मात्र जात्रा निकाल्ने गरिएको छ । उनले स्थानीय सरकारले चासो नदिएको गुनासो पनि गरे ।

करिब दुई सय वर्ष पुरानो इतिहास बोकेको नेवार समुदायको लाखे नाचलाई जिल्लाभर संरक्षण तथा सम्बर्द्धन गर्न स्थानीय सरकार, नागरिक समाज र सरोकारवाला निकायहरूले चासो दिन आवश्यक छ । यस्ता ऐतिहासिक धरोहर बोक्ने अन्य जातिहरूको कला, संस्कार र संस्कृतिलाई पनि जगेर्ना गर्न उत्तिकै जरुरी रहेको सरोकारवालाहरूको भनाइ छ ।

# चन्द्रागिरी मन्दिरमा आज महाआरती



काठमाडौं/मस- चन्द्रागिरी भालेश्वर महादेव मन्दिर परिसरमा विशेष भक्तिमय उत्सव तथा महाआरती कार्यक्रम सोमबार आयोजना हुने भएको छ । साउन महिनाको पवित्रतासँगै महादेवको महिमा झल्काउने उद्देश्यले चन्द्रागिरी हिल्स लिमिटेडले सो भक्तिमय उत्सव तथा महाआरती आयोजना गर्न लागेको हो । कार्यक्रमअन्तर्गत पूरै दिन मन्दिर परिसरमा भक्तिमय वातावरणमा विशेष भजन-कीर्तन सञ्चालन हुनेछ ।

साँझ ६:३० बजेपछि विशेष महाआरती सम्पन्न हुनेछ, जसमा भक्तजनहरूलाई सहभागी हुन हार्दिक आमन्त्रण गरिएको छ । चन्द्रागिरी हिल्सले महाआरतीमा सहभागी हुन आउने भक्तजनहरूको सुविधालाई मध्यनजर गर्दै विशेष टिकट अफर सार्वजनिक गरेको छ । सो अवसरमा केबलकार टिकटमा सोमबार दिइने २५ प्रतिशत छुटका साथै साँझ ४ बजेपछि टिकट मात्र ४ सय रुपैयाँमा उपलब्ध हुनेछ ।

# दुर्घटनामा श्रीमतीको मृत्यु, श्रीमान् घाइते

रामेछाप/मस- रामेछापको मन्थलीबाट हेटौँडातर्फ जाँदै गरेको बा१३ च ३९३५ नम्बरको सवारी साधन (पिकअप स्कारपियो) गाडी मन्थली नगरपालिका-६ बोक्से पहरो भन्ने ठाउँमा दुर्घटना हुँदा ४० वर्षीया राधा कार्की चौहानको घटनास्थलमै मृत्यु भएको छ । उनी मन्थली नगरपालिकाकी स्वास्थ्यकर्मी रहेको बताइएको छ ।

स्कारपियो'का चालक एव उनीका पति ४५ वर्षीय उत्तम चौहान घाइते भएका छन् । घाइतेलाई मन्थली सामुदायिक अस्पतालमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि काठमाडौं पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक कौशल न्यौपानेले बताए ।

उनका अनुसार गाडी सडकबाट करिब एक सय मिटर तल खसेर तामाकोशी नदी किनारमा पुगेको थियो । मन्थली -७ मा रहेको सहरी स्वास्थ्य केन्द्र बडिमुहानकी इन्चार्जसमेत रहेकी राधा र विद्युत् प्राधिकरण मन्थली शाखामा कार्यरत उत्तम हेटौंडामा अध्ययनरत रहेका छोरालाई भेट्न आइतबार बिहान हेटौंडा जाँदै गरेका बताइएको छ ।

# मापदण्ड विपरीतका २ सय ७१ वटा पानीको जार नष्ट



काठमाडौं/मस- काठमाडौं महानगरपालिकाले प्रशोधित पिउने पानीको जार हरूको अनुगमनलाई तीव्रता दिएको छ । वर्षायाममा पानीजन्य रोगहरूको जोखिम न्यूनीकरण गर्न महानगरले प्रशोधित पिउने पानीको अनुगमनलाई तीव्र बनाएको हो ।

एक हप्ताको अवधिमा विभिन्न क्षेत्रहरूमा गरिएको अनुगमनका क्रममा मापदण्डविपरीतका २७१ वटा जार बरामद गरी नष्ट गर्न महानगर प्रहरी बललाई जिम्मा दिइएको छ । यस्तै, महानगरले असार र साउन महिनामा गरी जम्मा १३९ वटा गाडीहरूबाट ४५६ वटा जार बरामद गरी नष्ट गरेको छ ।

साथै, पानीको गुणस्तर सुनिश्चित गर्न भौतिक तथा जैविक परीक्षणका लागि नमुनाहरू प्रयोगशालामा पठाइएको छ । चालु आर्थिक वर्ष सुरु भएपछि महानगरपालिकाले बल्खु, चावहिल-चुच्चेपाटी, माछापोखरी-बालाजु, कोटेश्वर लगायतका स्थानमा अनुगमन गरेको कृषि तथा पशुपक्षी विभागका प्रमुख नुरनिधि न्यौपानेले बताए ।

कृषि तथा पशुपन्छी विभाग र महानगर प्रहरी बलको सहकार्यमा विभिन्न स्थानहरूमा चेकपोस्ट राखेर खानेपानी बोक्ने गाडीहरूको अनुगमन गरिएको हो । 'हामीले वर्षायाममा पानीजन्य रोगहरूको जोखिमलाई मध्यनजर गर्दै प्रशोधित पिउने पानीको गुणस्तरमा विशेष ध्यान दिएका छौं । मापदण्ड विपरीतका जारहरूले नागरिकको स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ । त्यसैले हामीले यस्ता जारहरू तत्काल जफत गरी नष्ट गर्ने र कम्पनीहरूलाई कडा निर्देशन दिने काम गरिरहेका छौं,'न्यौपानेले भने । उनका अनुसार जारहरू नष्ट गर्न महानगर प्रहरी बललाई जिम्मा दिइएको छ ।

विभागले साउन २० गते काठमाडौं महानगरपालिका-१४, बल्खु क्षेत्रमा गरिएको अनुगमनका क्रममा ८ वटा विभिन्न कम्पनीका पानी बोक्ने सवारी साधनहरूको जाँच गरिएको थियो । उक्त अनुगमनमा ५९ वटा जारहरू कुच्चिएको, फुटेको र अपारदर्शी अवस्थामा भेटिएका थिए, जुन मापदण्ड विपरीत थिए ।

त्यसैगरी, साउन २१ गते वडा नम्बर ७, चावहिल-चुच्चेपाटी क्षेत्रमा १९ वटा सवारी साधनहरूको अनुगमन गरिएको थियो । यस क्रममा ६७ वटा मापदण्ड विपरीतका जारहरू बरामद गरिए । यी जारहरू पनि नष्ट गर्न महानगर प्रहरीलाई हस्तान्तरण गरिएको छ । साथै, ३ वटा २० लिटरका जारहरू भौतिक तथा जैविक परीक्षणका लागि प्रयोगशालामा पठाइएको छ ।

साउन २३ गते वडा नम्बर १६, माछापोखरी-बालाजु क्षेत्रमा २० वटा सवारी साधनहरूको अनुगमन गरिएको थियो । यस अनुगमनमा ६८ वटा जारहरू मापदण्ड विपरीत भेटिएको थियो । जुन नष्ट गर्न महानगर प्रहरी बललाई जिम्मा दिइएको थियो । साउन १८ गते वडा नम्बर ३२, कोटेश्वर क्षेत्रमा १५ वटा सवारी साधनहरूको अनुगमन गरिएको थियो । यस क्रममा ७७ वटा मापदण्ड विपरीतका जारहरू बरामद गरिए, जुन नष्ट गर्न महानगर प्रहरीलाई हस्तान्तरण गरिएको छ ।

अनुगमनका क्रममा मापदण्ड विपरीतका जारहरू बिक्री-वितरण नगर्न, जारमा स्पष्ट लेबल राख्न, कम्पनीले जारी गरेको बिल-बिजक सवारी साधनमै लिएर हिँड्न र पानीको गुणस्तरमा संवेदनशील हुन पानी उत्पादक कम्पनीहरूलाई निर्देशन दिइएको विभागका प्रमुख न्यौपानेले बताए । नागरिकको स्वास्थ्यप्रति गम्भीर रहदै पानीजन्य रोगहरूको जोखिम कम गर्न यस्ता अनुगमनलाई निरन्तरता दिने उनको भनाइ छ ।

यस्तै, फुड टेक्नोलोजिस्ट अशोक पराजुलीले पानीको गुणस्तरबारे भने, 'प्रशोधित पिउने पानीको जारहरूको भौतिक र जैविक गुणस्तर जाँच्नु अत्यन्त महत्वपूर्ण छ । हामीले प्रयोगशालामा पठाइएका नमुनाहरूको परीक्षणबाट पानीको शुद्धता र सुरक्षितता सुनिश्चित गर्नेछौं । नागरिकको स्वास्थ्य हाम्रो पहिलो प्राथमिकता हो ।'

आगामी दिनमा पनि पानी उत्पादन, ढुवानी र वितरण प्रणालीको नियमित अनुगमनलाई निरन्तरता दिने पराजुलीले बताए । साथै, समुदायस्तरमा पानीको नमुना परीक्षण र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने तयारी भइरहेको छ । विशेषगरी, बल्खु, कालीमाटी र टंकेश्वर जस्ता क्षेत्रहरूमा विगतमा हैजा रोगका बिरामी भेटिएकोले यस्ता जोखिम कम गर्न महानगरपालिका संवेदनशील बनेको उनको भनाइ छ ।

# अवैध रूपमा भित्रिने माछाका कारण किसान समस्यामा



कैलाली/मस- कैलालीको खुला सीमानाकाबाट अवैध रूपमा भित्रिने भारतीय माछाका कारण स्थानीयस्तरमा माछापालन गर्दै आएका किसान समस्यामा परेका छन् । यहाँ उत्पादित माछाले उचित मूल्य पाउन नसकेपछि किसान समस्यामा परेका हुन् । यहाँ उत्पादित माछा बिक्रीका लागि बजारको समस्या नभए पनि जिल्लाका विभिन्न सिमानाकाबाट अवैध रूपमा भारतीय माछा भित्रिने गरेकाले उचित मूल्य प्राप्त हुन नसकेको कैलारी गाउँपालिका-५ गोबरेलाका कृषक सनोज चौधरीले बताए । उनले भने,'बाहिरबाट भित्रिने माछाका कारण हामीले चाहेको मूल्यदरमा बिक्री गर्न सकिरहेका छैनौं, यसले व्यापार व्यवसाय सञ्चालनसँगै आर्थिक व्यवस्थापनमा समस्या भएको छ ।' यहाँ उत्पादित माछा थोकमा प्रतिकिलो रु २५० र फुटकरमा प्रतिकिलो रु ३०० मा बिक्री हुने गरेको जनाउँदै चौधरीले सिमानाकाबाट भित्रिएका माछा थोकमा प्रतिकिलो रु २२० र फुटकरमा प्रतिकिलो रु २८० मा बिक्री हुने गरेको बताए । 'हामीले उत्पादन गरेका माछाको दररेटभन्दा भारतबाट ल्याइएका माछा सस्तो पर्ने जान्छ । सोही कारणले व्यावसायिक माछापालन गर्ने किसानद्वारा उत्पादित माछाले उचित मूल्य नपाउँदा समस्या भएको हो', उनले भने ।

माछापालनका लागि तीन वटा पोखरी निर्माण गरेको बताउँदै चौधरीले कमन कार्प, ग्रास, रहु र पङ्गासेस जातका माछापालन गर्दै आएको जानकारी दिए ।

माछा बिक्रीका लागि समस्या नभए पनि अवैध रूपमा भित्रिने माछाका कारण बिक्री दरमा वृद्धि हुन नसकेको धनगढी उपमहानगरपालिका-२ का माछापालक नरेश शाहले गुनासो गरे । 'लामो समयदेखि हामीले व्यवसाय गर्दै आएका छौं, तर लगानी र मिहिनेतअनुसारको उचित मूल्य नपाउँदा कृषक समस्यामा परेका छौं', उनले भने । सीमानाकाबाट अवैध रूपमा भित्रिने माछा रोक्नका लागि नाका क्षेत्रमा कडाइ गरिनुपर्नेमा उनले जोड दिए ।

**Kuwait मा रोजगार** Integrated Logistics Co.

पुनः विज्ञापन, पूर्व स्वीकृति मिति: २०८१/१/१० चलानी नं.६०२२९३०३ LT No.: 315002

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Crane Operator | 49 | काममा दक्ष | 250 | १,१४,६००/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Heavy Duty Driver | 66 | | 200 | ९१,६८०/- | | | | | | | |
| ३. | Heavy Equipment Operator | 50 | | 250 | १,१४,६००/- | | | | | | | |
| ४. | Load & Unloading Workers | 54 | | 100 | ४५,८४०/- | | | | | | | |

अन्तरवार्ता २०८२ भाद्र २ गते (18 Aug. 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com
श्रम ईजाजत नं.: ८७५/०६६/०६७

मध्यान्ह
www.madhyanhadaily.com

२६ साउन २०८२ सोमबार
11 August 2025 Monday

## सम्पादकीय

# बाध्यात्मक कदम

विदेशमा कति नेपाली अवैधानिक रूपमा काम गरिरहेका होलान् ! सरकारसँग यकिन तथ्यांक छैन । आफ्ना नागरिक कहाँ कुन अवस्थामा छन् भन्ने थाहा नहुनु एउटा देशका लागि कति लज्जाको विषय होला ! यो विकसित र समृद्ध देशका नागरिकले अनुमान गर्ने विषय हो । नेपालको हकमा यो लज्जाको विषय नभएर यथार्थ हो । नेपाल आफैं विदेशमा रहेका आफ्ना नागरिकबारे बेखबर छ, अन्तर्राष्ट्रिय मञ्चमा लज्जाबोध गर्न बाध्य छ, राष्ट्रियस्तरमा निरन्तर प्रश्नको सामना गरिरहेको छ । आन्तरिक र बाह्य स्तरबाट निरन्तर खबरदारी भएपछि नेपालले बाध्य भएर विदेशमा रहेका नेपालीहरू जो अवैधानिक रूपमा काम गरिरहेका छन् उनीहरूलाई वैधानिक बनाउने पहल लिन थालेको हो । यसको प्रभावकारिता कति हुन्छ भन्ने विषय परीक्षामै छ ।

अवैधानिक भनेको आवश्यक कागजात नपुऱ्याई विदेश जानु र सम्बन्धित देशमा समेत नेपालको वास्तविक पहिचान लुकाएर रहनु वा काम गरेर बस्नु हो । यस्ता व्यक्ति जब समस्यामा पर्छन् त्यसबेला नेपाल सरकारलाई समेत पहल लिनमा अप्ठ्यारो हुने गरेको छ । एकातिर देशमै रोजगारी दिएर युवालाई राख्न नसक्ने र अर्कोतिर विदेशमा रोजगारीका लागि गएकाको पनि संरक्षण गर्न नसक्ने अवस्थामा नेपाल रहनुको अर्को कारण सरकारले खोज्न सक्नुपर्छ । विदेश जाने प्रक्रिया र आवश्यक रकम जुटाउन नसक्दा भारतको बाटो हुँदै कम खर्चमा अदक्ष कामदारका रूपमा विदेश जाने प्रवृत्ति पनि उस्तै छ । अर्कोतिर नेपालबाट वैधानिक बाटोबाट जान नपाएकाहरू भारतको बाटो हुँदै अवैधानिक रूपमा जानेहरू पनि छन् । जसरी विदेश गएको भए तापनि उनीहरू नेपालमा अवसर नपाएर वा नेपालको झन्झटिलो प्रक्रियाका कारण अवैधानिक रूपमा विदेश पुगेका हुन् । उनीहरूप्रति ढिलै भए पनि सरकारले वैधानिकताका लागि पहल लिन थालेको छ ।

बाध्यात्मक रूपमै भए पनि नेपालले विदेशमा रहेका अवैधानिक नेपाली कामदारलाई वैधानिक बनाउने प्रक्रिया थाल्नु सकारात्मक कदम हो । फेरि यस्तै समस्या दोहोरिन नदिन पनि सरकार सचेत बन्नुपर्छ । नेपालमा रोजगारीको अवसर सिर्जना गर्न सक्नुपर्छ । कोही विदेश जान चाहन्छ भने सजिलो र सरल बाटो देखाउन सक्नुपर्छ । अन्यथा, फेरि समस्या समाधान हुँदैन । यसमा सरकार र सरोकारवालाहरूको ध्यान पुगोस् ।

# किसानलाई न मल, न पानी

*जबसम्म यो राज्यसत्ताले जल, जमिन र जनशक्तिमा लगानी गर्न कन्जुस्याइँ गर्छ, उत्पादनमा बेवास्ता गर्छ र किसानका समस्यालाई ध्यानमा राख्दैन तबसम्म कृषि क्षेत्र समस्या रहिरहनेमा कुनै दुबिधा छैन...*

अग्रलेख



● गोविन्द विक

मधेशमा लागेको सुख्खाको अवलोकनमा प्रधानमन्त्रीदेखि मन्त्रीसम्मको लर्को लाग्यो । सुख्खाले फाटेको मधेशको धुलो अवलोकनको हेलिकप्टरले उडायो । कृषिलाई प्रवर्द्धन र आधुनिकीकरणको एजेन्डालाई ध्यान नदिँदा आज मधेशका कयौँ किसानहरू मारमा परेका छन् । मानो रोपेर मुरी उब्जाउने बेला मधेश सुख्खा लाग्दा पुर्पुरोमा हात राखेर छटपटिरहेका छन् । कृषि उत्पादनलाई कसरी आधुनिकीकरण गरेर धेरै भन्दा धेरै अन्न उत्पादन गर्ने भन्ने ध्यान राज्यको कहिल्यै भएन । सिँचाईको कमी, आकाशको पानीमा भर पर्दा आज मधेशका कयौँ हेक्टर जमिन सुख्खाले धाँजा फाटेको छ । पानी नपरेपछि धान रोप्न नपाएका किसानको छटपटीलाई मत्थर गर्ने भन्दै प्रधानमन्त्री र मन्त्रीको लर्को लाग्यो स्थलगत अवलोकनमा । तर, त्यसको दिर्घकालिन र अल्पकालीन समाधानको लागि काम भएको छैन ।

सँगै, मधेशलाई देखाएर मधेशका जनताको समस्यालाई निराकरण गर्ने भन्दै राजनीतिमा उदाएका मधेशी दलहरू अहिले मधेश बिरामी हुँदा किन मौन छन् । देशलाई खुवाउने धान उत्पादन हुने मधेशमा सुख्खा लागेर धान रोप्न नपाएका किसानको पीडालाई राज्यको उच्च तहमा बस्नेहरुले अनदेखा गरिरहेका छन् । सुख्खाको संकटमा पर्नु मधेशको मात्रै समस्या होइन, यो राष्ट्रको समस्या हो । मधेशमा उत्पादन नहुँदा त्यसको असर समग्र देशमा पर्छ । मधेशमा चामल नहुँदा आयातमा वृद्धि गर्नुपर्दछ, जसले मुलुकको जिडिपीमा पनि असर गर्छ । मुलुकको जिडीपीमा कृषिको योगदान २५.१ प्रतिशत रहेको छ भने त्यसमा पनि धानको हिस्सा सबैभन्दा धेरै छ । तर, यसमा राज्यसत्ताको ध्यान गएन ।

आयातमा वृद्धि हुँदा महँगी बढ्छ, महँगी बढेपछि हुँदा खाने जनताको हातमुख जोड्न निकै समस्या हुन्छ । यसमा राज्यको ध्यान हिजो पनि थिएन र आज पनि छैन । मधेशमा करिब १३ लाख टन धान उत्पादन हुँदै आएकोमा यो सुख्खाले गर्दा यो आवमा उत्पादनमा भारी गिरावट आई खाद्य सुरक्षामा नै धक्का लाग्ने पक्का छ । यसमा राज्यसत्ताको ध्यान छ की छैन ? राज्यसत्ताको प्राथमिकीकरणमा यस्ता व्यवहारिक विषय पर्छन् की पर्दैनन् भन्ने कुरा चाहीँ मुख्य सवाल हो ।

मधेशमा कुल ३ लाख ७३ हजार ६ सय ४५ हेक्टर जमिनमा धान खेती लगाइन्छ, तर सुख्खाले गर्दा करिब १ लाख ९३ हजार हेक्टरमा मात्रै रोपाई भएको कृषि मन्त्रालयको तथ्यांकमा उल्लेख छ । यसले पनि मधेशमा यो वर्ष धान खेती न्यूनभन्दा न्यून उत्पादन हुने पक्का छ । कृषिको विकास र आधुनिकीकरण गर्ने जहिले पनि व्यवहारमा शून्य छ । भाषणमा चाहीँ धेरै सुन्ने गरिन्छ । कृषिको विकासको नाममा राज्यले कयौँ अनुदान वितरण गरेका तथ्यांकहरू सार्वजनिक भइसकेका छन् । कृषि अनुदानका नाममा सत्ता र शक्तिको दुरूपयोग गरी अरबौं रकम वितरण भएको समाचारहरू छरपस्ट छन् । तर, कृषिको विकास भने शून्य छ । राज्य सत्ताको स्टेरिङ चलाउनेहरूको गराई र भनाइको व्यापक भिन्नता छ । भनाई एकातिर छ भने गराई अर्कातिर, त्यही भएर किसानका समस्या कृषिका समस्या जहाँको त्यहीँ छन् ।




मुलुकमा रहेका तीन तहका सरकारले मधेश बिरामी भएको पत्तै पाएनन् । काठमाडौंबाट समाजवादको ढोल पिटेर के गर्नु, आकाशबाट पानी नपर्दा मधेशले धान रोप्न पाउँदैन । मल बिउ नपाएर किसानको रुवावासी हुन्छ, राज्य सत्ता कानमा तेल हालेर बस्छ । समाजवादले धरातल हेर भन्छ, आफ्नै पसिना र श्रमले उब्जाएको उत्पादनमा निर्भर हुने मार्गलाई समाजवादले पछ्याउँछ, खेत जोतेर पसिना बगाएको धरातल समाजवाद भन्ने गरिन्छ । पहिला आफ्नो जमिनको उत्पादन बढाउ । भुईँमा निहुरेर जल, जमिन र जनशक्तीको व्यवस्थापन गरेर उत्पादनमा आधीवेहरी ल्याऊ अनि समाजवादको मार्ग तयार हुन्छ, आफ्नै उत्पादनले दुनियाँलाई चखाउँदा चखाउँदै धनी भएको पत्तै हुँदैन, त्यही समाजवादको मात्रै हुँदा खाने र हुनेखानेको दुरी कम गर्छ । यही हो समाजवादको मार्ग ।

तर, यहाँ त जलको सदुपयोग छैन, जमिन बाँझै छ, जनशक्ति पलायन तीव्र छ अनि कसरी हुन्छ उत्पादनमा वृद्धि किसानको समृद्धि र चामलमा आत्मनिर्भर ? कम्तीमा राज्यसत्तामा बस्नेहरूले समयमा सोच्नुपर्ने कुरा थियो की मधेशमा सुख्खा हुने सम्भावित जिल्ला क्षेत्र कुन-कुन हुन ? त्यस क्षेत्रमा सुख्खा भयो भने त्यसको विकल्प के हुन सक्छ भन्ने तर्फ । तर, राज्य सत्ताले यस सवालमा पूरा अनदेखा गरेको छ, जुन कुराले किसानलाई थप पीडा दिएको छ । 'जुन जोगी आए पनि कानै चिरिएको' भने झैँ भएको छ अहिले मधेशमा । मधेश केन्द्रित राजनीति गर्ने दल हुन या अन्य कोही कसैले पनि मधेशको सुख्खा क्षेत्रको भयावह अवस्थालाई बुझ्न नसक्दा आज मधेश बिरामीको अवस्थामा पुगेर कयौँ किसानहरूलाई डिप्रेसनमा पुऱ्याएको छ । जबसम्म यो राज्यसत्ताले जल जमिन र जनशक्तिमा लगानी गर्न कन्जुस्याइँ गर्छ, उत्पादनमा बेवास्ता गर्छ र किसानका समस्यालाई ध्यानमा राख्दैन भने तबसम्म कृषि क्षेत्रका समस्या रहिरहनेमा कुनै दुबिधा छैन । सत्तामा बस्नेहरूलाई सत्ताको चोचोमोचो मिलाउनमै समय छैन, सत्ता बाहिर रहनेहरूलाई आफैभित्रको रडाको व्यवस्थापनमा समय कम छ भने किसान र कृषिको सवालमा ध्यान दिने कुरा र निकै परको हुने नै भयो । कृषि प्रधान देश भनेर नेपाललाई उहिल्यै भनेको हो । नदीनालामा पनि नेपाल गरिब छैन । जमिनमा पनि नेपाल गरिब छैन ।

> *मुलुकमा रहेका तीन तहका सरकारले मधेश बिरामी भएको पत्तै पाएनन् । काठमाडौंबाट समाजवादको ढोल पिटेर के गर्नु, आकाशबाट पानी नपर्दा मधेशले धान रोप्न पाउँदैन । मल बिउ नपाएर किसानको रूवावासी हुन्छ, राज्य सत्ता कानमा तेल हालेर बस्छ...*

राज्यसत्तामा बस्नेहरूको मन गरिब हो, ध्यान कम हो र बेवास्ता बढी हो, त्यसैले आज मधेश बिरामी हुन पुगेको हो । यही किसिमको राज्यको पश्वगामी चाल हो भने चामलमा १०० प्रतिशत आयात गर्नुपर्ने दिन धेरै टाढा नै छैन । कृषि कर्ममा लागेका किसानहरूको लागि न सहुलियत ऋणको व्यवस्था छ, न समयमा बिउ पाइन्छ, न त सुख्खा हुँदा सिँचाइ पाइन्छ, न मल पाइन्छ, न त कृषि उपकरणको उपलब्धता छ, न कृषिलाई स्थानीयकरण गरिएको छ, न त स्थानीय तहमा उत्पादन भएकोलाई बजार व्यवस्थापन गरिएको छ । यी र यस्ता सवालहरूमा राज्यसत्ताको ध्यान नहुँदा आज किसानको यो दुर्गति भएको हो ।

कृषिमा आएको अनुदान कता स्वाहा हुन्छ ? पत्तै हुँदैन । कृषिमा काम गर्ने किसानका पक्षमा काम गर्ने गैरसरकारी संघसंस्थाहरूमार्फत अन्तर्राष्ट्रिय दाताहरूले पनि कृषिमा खर्च गरेकै छन्, तर पनि अहिलेको अवस्था सिर्जना हुनु निकै दुःखद पक्ष हो । मौसम सधैं एकैनासको हुँदैन । जलवायु परिवर्तनको समस्याले गर्दा पनि कहिले पानी पर्ने कहिले सुख्खा हुने कुरालाई नकार्न सकिन्न । तर, राज्यले मधेशमा सुख्खा हुने सम्भावित क्षेत्रको पहिचान नगर्दा आज सुख्खाग्रस्त भएर मधेशका किसान रोइरहेका छन् । उनीहरूको आशु पुछ्ने कार्ययोजना तीनै तहका सरकारहरूले तत्काल ल्याउन आवश्यक छ ।

## इतिहासमा आज

११ अगस्ट १९९२ मा अमेरिकाको ब्लूमिंगटन, मिनेसोटामा द मल अफ अमेरिका खुल्यो । द मल अफ अमेरिका तत्कालिन समयको सबैभन्दा ठूलो शपिङ मल थियो ।




११ अगस्ट २००३ मा नेटोले अफगानिस्तानमा शान्ति सेनाको कमान्ड लिएको थियो । जसले यसको ५४ वर्षको इतिहासमा युरोप बाहिर पहिलो ठूलो अपरेशनको जिम्मा लिएको थियो ।



११ अगस्ट २०१२ मा इरानको तब्रिज नजिकै लगातार दुई ठूला भूकम्प (६.४ र ६.२ रेक्टर स्केल) जाँदा ३०६ जनाको मृत्यु भएको थियो भने ३ हजार जना घाइते भएका थिए ।



११ अगस्ट २०१७ मा इजिप्टको अलेक्जान्ड्रियामा दुई यात्रुवाहक रेलहरू ठोक्किँदा ४१ जनाको मृत्यु भएको थियो भने १७९ जना घाइते भएका थिए ।



## सामाजिक सञ्जाल



बद्री विनोद खनाल

थुनामा राख्दा अन्य थुनुवासँग नराखेर रविलाई सिंगल कोठामा राखेकोमा पूर्वप्रम डा. बाबुराम भट्टराईले आपत्ति जनाउनु भएछ । अन्य थुनुवासँगै राखिदिएको भए उहाँले भन्नु हुन्थ्यो- उपप्रम तथा गृहमन्त्री भइसकेका रविलाई थुनुवासँगै राखेर अपमान गरियो । नेताका जिब्रा किन यति लत्यापत्याग हुन्छन् होला ?

ठगी पूर्पक्षका लागि थुनामा राख्ने अभियोग हैन, तर संगठित अपराधमा पुर्पक्ष हुनसक्छ । जेलको हकमा पूर्व पद हेरिन्न । जेलको प्रधानमन्त्री भाई नाइके हुन्छन् । सुरक्षा संवेदनशीलताका आधारमा अलग राख्नु सामान्य । न्यूनतम सुविधाको हकमा सुत्ने ठाउँको अभावमा चिसो लागेर मरेका कैदीलाई नि हेरौं ।



केपी ढुंगाना



रञ्जित तामाङ

एउटाले भन्यो- रवि लामिछानेलाई बाख्राको खोरजस्तो जेलमा जाकेको छ । अर्कोले भन्यो- होइन, रवि लामिछाने फाइभस्टार लेभलको जेलमा छ । मैले कयौंलाई भनें, फेरि भन्छु-नेपालको मिडियाको भर परेर आफ्नो धारणा नबनाउनु होला । यसले कतिखेर कहाँ डुबाउँछ, थाहै हुँदैन । कम्तीमा क्रस चेक चाहिँ गर्नु ।

हाम्रो विडम्बना एउटा व्यक्तिको पद जोगाउँदा पूरा दललाई क्षति र एउटा व्यक्तिको पद जोगाउँदा पूरा देशलाई क्षति आखिर खराबलाई जोगाएर पार्टी वा देश क्षति पुऱ्याउने र क्षति पुऱ्याउँदा पनि समर्थन गर्ने नेतृत्वको गुण वा नियत असल नभइ खराब रहेको पुष्टि गरिन्छ ।



सेतेमान तामाङ

# प्रश्नमा पूर्वविशिष्टको सुविधा

विचार



● खिमराज गिरी

> *व्यवस्था परिवर्तनपश्चात् देश र जनताको अवस्था बदलिनेभन्दा पनि राजनीति गर्ने नेताको अवस्थामा व्यापक परिवर्तन देखिन्छ । भ्रष्टाचारले ढुकुटी रित्तिने अवस्थाले देशको आर्थिक स्थिति जर्जर अवस्थामा पुगेको छ । कर्मचारीहरूलाई तलब खुवाउनका लागि विदेशबाट ऋण लिने अवस्था सिर्जना भएको छ...*

सरकारले केही समय अगाडि पूर्वविशिष्ट पदाधिकारीहरू जस्तैः पूर्व राष्ट्रपति, उपराष्ट्रपति, पूर्व प्रधानमन्त्री, मन्त्रिपरिषद्का पूर्व अध्यक्ष, पूर्व सभामुखका साथै राष्ट्रियसभाका पूर्व अध्यक्ष, पूर्व सभामुखलाई आजीवन मासिक भत्ता, घर भाडा, घर मर्मत खर्च, सवारी साधन, सचिवालयमा कर्मचारी र सहयोगीसहित आजीवन सुविधा दिने गरी कानुन बनाउन लागेको भनी व्यापक रूपमा जनगुनासो र विरोध भइरहेको छ । देशको अवस्था हेर्ने हो भने प्रजातन्त्र र गणतन्त्र आएपश्चात् देश र जनताको अवस्था बदलिनेभन्दा पनि राजनीति गर्ने नेताको अवस्थामा व्यापक परिवर्तन देखिन्छ । भ्रष्टाचारले ढुकुटी रित्तिने अवस्थाले देशको आर्थिक स्थिति जर्जर अवस्थामा पुगेको छ । कर्मचारीहरूलाई तलब खुवाउनको लागि विदेशबाट ऋण लिने अवस्था सिर्जना भएको छ ।

गणतन्त्रमा धेरै नेता भए र देशले अब आर्थिक भार बहन गर्न नसक्ने अवस्था भएको छ । अनावश्यक रूपमा आर्थिक भार दोहनको रूपमा रहेको प्रदेश खारेजीको माग एक पक्षले गरिरहेको छ । यसै सन्दर्भमा गणतन्त्रवादी नेताहरूले अकुत सम्पत्ति कमाएर जनताको अवस्था झन् नाजुक भएर बिदेसिने युवा जमात बढी भएको अवस्था छ । रोजगारीको अवसर पनि जुटाउन नसकेको, सनातन हिन्दु धर्ममा आस्था नराखेको भन्दै राजावादी तथा आम सर्वसाधारण जनताले आन्दोलन गरी आक्रोश पोखिरहेको, विदेशीले पनि विभिन्न सहयोग रकम बन्द गरेको वर्तमान अवस्था छ । यस्तोमा सरकारले विभिन्न क्षेत्रबाट अवकाशप्राप्त पूर्वविशिष्ट पदाधिकारीहरूलाई राज्यको सम्पत्ति दोहन हुने गरी विविध किसिमको सेवा सुविधा दिनु यो किमार्थ जायज कुरा होइन । यसमा जनताको व्यापक रूपमा विरोधका आवाज गुन्जिरहेका छन् ।

यसै त माथिल्लो पदमा बसेर राज्यको सम्पत्ति दोहन गर्ने आरोप जनताबाट खेपिरहेको समयमा झन् यसरी विभिन्न सेवा सुविधा दिने नाममा राज्यको वैदेशिक ऋण करिब २७ खर्बभन्दा बढी भइरहेको अवस्था र कर्मचारीहरूलाई समेत तलब खुवाउन ऋणमा निर्भर रहनुपर्ने देखिएकोले निकट भविष्यमा देशको आर्थिक अवस्था कता जाला त ? के नेतृत्वले यसबारेमा केही सोचेको छ ? हामीले अन्य मुलुकको उदाहरण लिने हो भने पनि अमेरिकाका बराक ओबामा अवकाशपश्चात् जागिर खाएका छन् भनिन्छ । त्यस्तै, इटालीमा पूर्वविशिष्टहरूलाई सम्मानजनक भूमिका मात्र दिइन्छ, तर आर्थिक भार पर्ने गरी सेवा सुविधा दिइँदैन । त्यस्तै, स्विडेनका पूर्वविशिष्ट पदाधिकारीहरूलाई कुनै किसिमको सेवा सुविधा दिइँदैन । नर्वे, फिनल्यान्ड र नेदरल्याण्डमा पनि यस्तै किसिमको अतिरिक्त सुविधा दिइँदैन । र, उनीहरूको सुरक्षा व्यवस्था आवश्यक परेमा मात्र दिइन्छ ।

पोर्चुगल र स्विटजरल्यान्डमा पूर्वविशिष्टहरूलाई सामान्य पेन्सनको व्यवस्था गरिएको छ । तर, हाम्रो देशमा भने एउटा नगरको मेयर कतै जानुपऱ्यो भने आफन्तका नाममा करारमा भर्ना गरिएका नगर प्रहरीको जत्था अघिपछि लागेर बढो सानका साथ सवारी गर्ने प्रचलन छ । अझ गाडी पनि पजेरो लगभग १ करोडभन्दा माथि नै मूल्य पर्ने हुन्छ । र, अन्य प्रदेश र केन्द्रका पदाधिकारीहरूको त कुरै नगरौं । करिब हजारौं सुरक्षाकर्मीहरू यिनैको सुरक्षामा रातदिन तैनाथीमा हुन्छन् । अनि राज्यको विकास भएन भन्नुको पछाडि के तुक बाँकी रहन्छ र ? नेताको बारेमा कार्यकर्ता नबोल्ने, युवा जमात टाठा बाठा विदेश पलायन, गाउँघर खाली, भएका केही मुट्ठीभरका व्यक्तिहरूले राज्यको सम्पत्ति दोहन गरेपछि नेपालको विकासको परिकल्पना कसरी हुन्छ ? तसर्थ, सरकारका यस्ता निर्णय कार्यान्वयनमा ल्याइनु उचित हुँदै होइन र आम जनताको आक्रोश पनि यसैमा छ । सरकारले यस मामलामा ध्यान जान जरुरी छ ।

# रकम अभावमा बिरामीको खाना सेवा बन्द गर्दै गौर अस्पताल

**धर्मेन्द्र कुमार साह/मध्यान्ह**
गौर, २५ साउन




रकम अभाव भएपछि प्रादेशिक अस्पताल गौरले बिरामीहरूलाई दिँदै आएको खाना बन्द गर्ने भएको छ । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष अनवर हास्मीले आफ्नो सामाजिक सञ्जालमार्फत रकम अभावका कारण अस्पतालमा भर्ना हुने बिरामीहरूले पाउँदै आएको खाना लगायतका सुविधा बन्द गर्न लागिएको जानकारी दिएका छन् ।

'मधेश प्रदेशको अर्थमन्त्रीज्यू र रौतहट जिल्लाकै मन्त्री हुनुको कारण प्रादेशिक अस्पताल गौरमा खाद्यान्नका लागि आउने पैसा रोकेको कारण बिरामीहरूले खाँदै आएको खाना, दूध, अण्डा, बिस्कुट अब २०८२ साउन २५ गतेदेखि बन्द हुँदैछ भन्ने सम्पूर्ण रौतहटवासीहरूलाई ठूलो दुःखका साथ जानकारी दिन चाहन्छु । २०८१/८२ को बाँकी रकम ३२ लाख जति तिर्नुछ,' उनले सामाजिक सञ्जालमा उल्लेख गरेका छन् ।

अस्पतालका लेखापाल जितेन्द्र यादवका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा खानाको ठेक्का पाएका गुप्ता सप्लायर्सलाई ३१ लाख ६७ हजार रुपैयाँ बाँकी रहेको छ । चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले १० लाख रुपैयाँ मात्र विनियोजन गरेको भन्दै अध्यक्ष हास्मीले प्रदेश सरकारप्रति आरोप लगाएका छन् ।

उनका अनुसार, प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत प्राप्त हुने बजेट कटौती भएको बेला अस्पतालले यो अप्रिय निर्णय लिनुपरेको हो ।

गत आर्थिक वर्षमा स्वास्थ्य मन्त्रालयमा दौडधुप गरेर बक्यौता रकम निकासा गर्न माग गरिएको भए पनि अर्थ मन्त्रालयको उदासीनताका कारण रकम निकासा हुन सकेन ।

**रकम निकासा प्रक्रियामा ढिलाइ**

गत आर्थिक वर्ष २०८१/८२ मा बिरामीको खानाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले १० लाख रुपैयाँ विनियोजन गरेको थियो । तर बिरामीको संख्या बढेसँगै रकम अभाव देखियो । खानाको ठेक्का पाएका सप्लायर्सको बक्यौता रकम बढ्दै गएपछि २०८१ जेठमा गौर अस्पताल प्रशासनले थप रकम विनियोजनको लागि मधेश प्रदेशको स्वास्थ्य मन्त्रालयसँग प्रक्रिया सुरु गरेको थियो ।

अस्पतालले २०८२ जेठ २ गते चलानी नम्बर २२९२ मार्फत थप ३४ लाख रुपैयाँ पठाइदिन माग गरेको थियो । सो मागको आधारमा स्वास्थ्य मन्त्रालयले अर्थ मन्त्रालयलाई टिप्पणीसहित रकम निकासा गर्न पत्राचार गरेको थियो। उक्त पत्र अर्थ मन्त्रालयमा २०८२ जेठ १३ गते दर्ता भए पनि, अर्थमन्त्रीको तजबिजमा रकम निकासा हुन सकेन ।

अध्यक्ष हास्मीले भने, 'अर्थमन्त्रीज्यूले सधैं दुई-तीन दिनभित्रै निकासा हुने बताउँदै आए, तर अन्तिममा आफ्नो फोन उठाउनै बन्द गरे। आफ्नै गृह जिल्लाको अस्पतालमा बिरामीले पाउँदै आएको खाना बन्द हुने अवस्थामा पनि अर्थमन्त्रीको गम्भीरता देखिएन ।'

हाल नेपाली कांग्रेसतर्फबाट सुनिक कुमार यादव मधेश प्रदेशका अर्थमन्त्री रहेका छन् । उनी रौतहटबाट निर्वाचित प्रदेशसभा सदस्य हुन् । यस विषयमा बुझ्दा मधेश प्रदेश अर्थ मन्त्रालयका प्रवक्ता उपेन्द्र न्यौपानेले आफूलाई स्पष्ट कारण थाहा नभएको बताए । उनले विनियोजित बजेटको सिलिङ भन्दा धेरै खर्च भएकोले रकम निकासा हुन नसकेको आशंका व्यक्त गरे ।

**राजनीतिक दलको आन्दोलनको चेतावनी**

अस्पतालमा बिरामीले पाउँदै आएको सेवा बन्द हुने खबर सार्वजनिक भएपछि रौतहटका विभिन्न राजनीतिक दलहरूले आन्दोलनको चेतावनी दिएका छन् ।

नेकपा (एस)का नेता रेवन्त झाले प्रदेश सरकारले सामान्य दायित्व समेत पूरा गर्न नसकेको आरोप लगाए । उनले समस्याको अविलम्ब समाधान नभए अस्पतालको आपतकालीन बाहेक सबै सेवा बन्द गर्न र यसको जिम्मेवारी प्रदेश सरकारले लिनुपर्ने सुझाव दिए ।

# मलेसियामा रास्वपा जोहर राज्य समिति गठन

**तिलोचन गौतम/मध्यान्ह**
जोहर, मलेसिया, २५ साउन



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवास नेपाली सम्पर्क विभाग,मलेसियाअन्तर्गत जोहर राज्य समिति औपचारिक रूपमा गठन भएको छ ।

जोहरमा कार्यरत तथा बसोबास गर्दै आएका रास्वपाका समर्थकहरूको भेलाले सर्वसम्मत रूपमा समिति गठन गरेको हो ।

कार्यक्रमका प्रमुख अतिथि रास्वपा मलेसियाका सभापति नेत्र केसी रहेका थिए भने केन्द्रीय समितिका प्रतिनिधि किरण थापा, मिलन साहि ठकुरी, बासुदेव भट्ट र खेमराज खत्रीको विशेष उपस्थिति थियो ।

नवगठित समितिले प्रवासी नेपालीको हकअधिकार र सुरक्षाको सवालमा सक्रिय भूमिका निर्वाह गर्ने, नेपालका राजनीतिक तथा सामाजिक परिवर्तनमा प्रवासबाट सकारात्मक योगदान पुऱ्याउने र संगठनलाई सुदृढ बनाउने लक्ष्य लिएको छ । साथै, मलेसियाका अन्य राज्यहरूमा पनि संगठन विस्तार गर्ने योजना बनाएको समितिले जनाएको छ ।

नवगठित जोहर राज्य समितिको सभापतिमा भागनाथ दाहाल चयन भएका छन् । यस्तै उपसभापतिमा हरि बहादुर थापा, सचिवमा रोशन खड्का, कोषाध्यक्षमा तिलकबहादुर बौकटी, सहकोषाध्यक्षमा लभ्मन साउद र सहसचिवमा धनीराम कामी चयन भएका छन् । त्यस्तै सदस्यहरूमा मदन धामी, सागर काफ्ले, गणेश भण्डारी, शन्ती प्रसाद दहाल, हर्क लिम्बू, सुर्या धामी, लिला वली, सुजन वि.क र पुस्तक पाण्डे चयन भएका छन् ।

# रौतहटमा बंगलादेशी महिला अलपत्र, वैवाहिक अधिकारको माग

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २५ साउन



बंगलादेशको रगपुर जिल्लास्थित मोकिमपुर मिठापुकार गोपालपुरकी २६ वर्षीया लाबोनी बेगम हाल रौतहटमा अलपत्र परेकी छन् । तीन वर्षसम्म सामाजिक सञ्जालमार्फत प्रेम सम्बन्ध राखेकी उनले गौर नगरपालिका-६ सबगढाका शेष महताब आलमसँग अनलाइन माध्यमबाट नै विवाह गरेर नेपाल आएकी थिइन् । तर विवाहको दुई सातामै घरबाट निकालिएको उनको आरोप छ ।

लाबोनीका अनुसार टिकटक, फेसबुक र इमोमार्फत आलमसँग चिनजान भई करिब तीन वर्षको प्रेमपछि बंगलादेशको गाजीपुर अदालतमा दुवैले 'कोर्ट म्यारिज' गरेका थिए । विवाहको समयमा आलम कुवेतमा रोजगाररत थिए । उनी जेठ २८ गते नेपाल आइन् भने आलम जेठ २४ गते मात्रै कुवेतबाट फर्किएका थिए ।

विवाहपछि श्रीमानको घरमा बसेको र असार १६ गते आफूलाई घरबाट निकालिएको उनले बताइन् । त्यसपछि उनी बंगलादेश फर्किएकी थिइन् । तर साउन १५ गते श्रीमानकै बोलावटमा पुनः नेपाल आएपछि पनि आलम परिवारले घरमा बस्न नदिएको उनको गुनासो छ । हाल उनी छिमेकी नजरा खातुनको घरमा बसिरहेकी छन् ।

'साउन १५ गतेदेखि श्रीमानको घरमा ताला लगाइएको छ, श्रीमान र उनका परिवार दुवै सम्पर्कविहीन छन्,' लाबोनीको भनाइ छ । उनले जिल्ला प्रहरी कार्यालय रौतहटसहित सम्बन्धित निकायमा न्यायका लागि गुहार मागेकी छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक दीपक रायका अनुसार लाबोनी स्वेच्छाले नेपाल आएकाले कानुनी रूपमा अन्याय भएको मानिँदैन । तर गौर नगरपालिका-६ का वडाध्यक्ष अवध बिहारी प्रसादले भने जुन देशको महिला भए पनि कानुनी रूपमा विवाह गरेर आएएपछि वैवाहिक अधिकार दिनुपर्ने बताए ।

उनका अनुसार मुस्लिम समुदायमा फोन, भिडियो कल वा पत्रमार्फत दुई जना साक्षीको उपस्थितिमा हुने विवाह धार्मिक रूपमा मान्यता प्राप्त हुन्छ र यसलाई अनलाइन विवाह ठानिँदैन । आलम परिवारले घरमा बस्न नदिएको घटनाले अन्याय भएकाले स्थानीय नागरिक समाज र जिल्ला प्रशासनले यस घटनामा ध्यान दिन जरुरी रहेको स्थानीयहरूको भनाइ छ ।

# रामेछापमा लाखेनाच र गाईजात्रा प्रदर्शन



**रामेछाप/मस**-रामेछापको मन्थली नगरपालिकामा नेवार समुदायले पुर्खाबाट प्रचलित परम्परा झल्काउने लाखेनाच र गाईजात्रा तेस्रो वर्ष पनि उत्साहपूर्वक प्रदर्शन गरेका छन् । नेवाः देय् दबु मन्थलीका अध्यक्ष शेखरकुमार श्रेष्ठको नेतृत्वमा गणेशपूजा पश्चात नगर परिक्रमा गरिएको थियो ।

लाखेलाई उग्र रूपमा देखाइए पनि लोककथाअनुसार त्यसको त्याग र दयालु स्वभावले सन्देश दिने विश्वास रहिआएको छ । यस वर्षको कार्यक्रममा नयाँ जुम्बा नृत्य पनि थपिएको थियो ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य युवराज चौलागाईं, जिल्ला समन्वय समितिका उपप्रमुख प्रेम सागर, नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य त्रैलोक्यमान बनेपाली, मालपोत कार्यालय प्रमुख सुमा श्रेष्ठ तथा पत्रकार कैलाशकुमार केसीलगायतको उपस्थिति थियो ।

अभिनन्दन मन्तव्यका क्रममा प्राज्ञ बनेपालीले मन्थलीले आफ्नो सांस्कृतिक पहिचान खोज्दै परम्परा, प्रविधि र संस्कृतिको संरक्षण गर्नुपर्नेमा जोड दिए । उनले लाखेसँगै धिमे, लालाखिं, धां, भुछ्याय्, सिछ्याय्, भुचा, कवां, खानपिन र श्रृंगारजस्ता सांस्कृतिक तत्व जीवित राख्न सबै जातिले ध्यान दिनुपर्ने बताए ।

# वाइसीएल नेपाल रोल्पाले गऱ्यो जलजलामा प्राथमिक उपचार सेवा

**सूर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, २५ साउन




योंग कम्युनिस्ट लिग(वाइसीएल)नेपाल रोल्पाले जलजलामा प्राथमिक उपचार सेवा प्रदान गरेको छ। जलजलामा साउने पूर्णिमामा पूजा गर्न आएका भक्तजन र पर्यटकलाई लक्षित गरी साउन २३ र २४ गते प्राथमिक उपचार सेवा प्रदान गरेको हो ।

'श्रम तथा उत्पादन अभियान'भन्ने मूल ध्येयका साथ पर्यटन प्रवर्द्धनका लागि रोल्पा जलजलामा वाइसीएल सहायता कक्ष प्राथमिक उपचार सञ्चालन गरिएको वाइसीएल नेपाल रोल्पाले जानकारी दिएको छ ।

जलजला आएका भक्तजन तथा पर्यटकले वाइसीएल रोल्पाको सहायता कक्ष प्राथमिक उपचार सेवाबाट १ सय १३ जनाले औषधि लिनुका साथै धेरैले अक्सिजन र प्रेसर चेक गराएको वाइसीएल नेपाल रोल्पाका उपाध्यक्ष हिमाल रसाइलीले जानकारी दिए ।

वाइसीएल नेपालका केन्द्रीय सचिव विशाल बुढा ,केन्द्रीय सदस्य दिपेन्द्र घर्ती, वाइसीएल नेपाल रोल्पाका अध्यक्ष मिलन पुन, रोल्पा इन्चार्ज विजय बुढा, वाइसीएल नेपाल लुम्बिनी प्रदेशका कोषाध्यक्ष गोविन्द ओली, लुम्बिनी वाइसीएल सदस्य रामकिलाल झाक्री मगर, थबाङ गाउँपालिका वाइसीएल नेपाल फ्याक्सन इन्चार्ज तथा पार्टी सहसचिव खेम बुढा, स्वास्थ्यकर्मी द्वय हिमाल पुन मगर र सत्य नारायण बुढा मगर प्राथमिकता उपचारमा खटिएका थिए ।

थबाङ गाउँपालिका वाइसीएल नेपालका अध्यक्ष धिरेन्द्र बुढा मगरको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय पदाधिकारी, प्रदेश पदाधिकारी तथा सदस्य, जिल्ला पदाधिकारी तथा सदस्य, थबाङ गाउँपालिकाका पदाधिकारी तथा सदस्य र वडा पदाधिकारी तथा सदस्यलगायत वाइसीएल समर्थक गरी करिब ७० जनाले जलजला परिसर वरिपरि सरसफाईसमेत गरेका थिए ।

# हास्यव्यंग्यकार मुकुन्द आचार्य र डम्बर घिमिरेसहित ६ जनालाई सम्मान



**काठमाडौं/मस**-नेपाली हास्यव्यंग्यको विकास र प्रोत्साहनका लागि सक्रिय फित्कौली अनलाइन मिडिया तथा फित्कौली डटकमले यस वर्षका सम्मान र पुरस्कार घोषणा गरेको छ ।

फित्कौलीको 'हास्यव्यंग्य राष्ट्रिय सम्मान २०८२' हास्यव्यंग्यकार मुकुन्द आचार्यलाई प्रदान गरिने छ। यस सम्मानमा नगद रु. २ हजार १ सय ५, सम्मानपत्र र दोसल्ला अर्पण गरिनेछ । त्यस्तै, 'श्रीप्रशन्नमूर्ति फित्कौली सम्मान २०८२' वरिष्ठ हास्यव्यंग्य कलाकार तथा कवि डम्बर घिमिरेलाई प्रदान गरिने छ, जसअन्तर्गत सम्मानपत्र, नेपाली ढाकाटोपी र दोसल्ला अर्पण गरिनेछ।

यससँगै 'गोविन्द-विजया-फित्कौली राष्ट्रिय हास्यव्यंग्य प्रतिभा पुरस्कार' काठमाडौंका माणिकरत्न शाक्य, 'फित्कौली राष्ट्रिय हास्यव्यंग्य निबन्ध पुरस्कार' पोखराका शेषराज भट्टराई, 'फित्कौली हास्यव्यंग्य राष्ट्रिय कविता पुरस्कार' ओखलढुंगाका डिल्लीप्रसाद मूलतिहुन, र 'मुकुन्द-मुना फित्कौली राष्ट्रिय बुढ्यौली साहित्य पुरस्कार' भक्तपुरका कविराज घिमिरेलाई अर्पण गरिने भएको छ । यी चारै पुरस्कृतलाई जनही नगद रु. १५ हजार १ सय ५ र सम्मानपत्र प्रदान गरिनेछ ।

पुरस्कार प्राप्त व्यक्तिहरूको छनोट चट्याङ मास्टरको संयोजकत्वमा सिस्नुपानी नेपालका अध्यक्ष लक्ष्मण गाम्नागे र प्रा.डा. मुकेशकुमार चालिसे सदस्य रहेको समितिले गरेको हो । समितिको अन्तिम बैठक २०८२ साउन १८ गते बसेर सर्वसम्मत निर्णय गरिएको हो ।

यी सम्मान तथा पुरस्कार भदौ अन्तिम साता हुने फित्कौलीको वार्षिकोत्सव समारोहमा अर्पण गरिनेछ । यसअघि फित्कौलीले चोलेश्वर शर्मा, आरसी रिजाल, गायत्री लम्साल, महेश थापा, काशीनाथ मिश्रित, खगेन्द्र नेउपाने, सुभाषचन्द्र देवकोटा, देवीप्रसाद चापागाइँ, रामशरण न्यौपाने, दीनानाथ पोखरेल र कार्टुनिष्ट राजेश मानन्धरलाई सम्मानित गरिसकेको छ ।

**अनलाइन खारेज सम्बन्धी १५ दिने सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०४/२६**

सूचना तथा प्रशारण विभागमा दर्ता नं. १४०९/०७५/७६ मितिमा २०७६/०३/२५ मा दर्ता रहेको साहित्य सरोवर मिडिया प्रा.लि.द्वारा सञ्चालित www.entertainmentkhabar.com नामक अनलाईन सञ्चार माध्यमको दर्ता खारेज गरिने हुदाँ यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजिवी पत्रकारहरुको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा यो सूचना प्रकाशन भएको मितिबाट १५ दिन भित्र यस कम्पनीको ठेगाना विराटनगर १ पोखरियामा वा सञ्चालक रोशन पोखरेल को मोबाईल न ९८५२०२२९१८ वा इमेल khabarentertainment@gmail.com सम्पर्क गर्नुहुन अनुरोध छ। साथै समयमै उजुरी प्राप्त नभएमा आवश्यक प्रक्रिया अगाडि बढाइने व्याहोरा समेत छ।

**साहित्य सरोवर मिडिया प्रा.लि विराटनगर**

**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**जिल्ला अस्पताल संखुवासभा**
**खाँदबारी, कोशी प्रदेश**

कोशी प्रदेश पर्यटन वर्ष २०८२

**आधिकारिक आपूर्तिकर्ता (बिक्रेता) मा सूचिकृत हुन र दररेट पेश गर्ने बारे सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०४/२६**

यस जिल्ला अस्पताल संखुवासभामा निम्न प्रकारको मेडिकल औजार तथा मेसिनरी उपकरणहरुमा प्रयोग हुने किड्स, केमिकल्स, फिल्म, एसेसरिज, तथा पार्टपुर्जाहरु र मर्मत सम्भार सम्बन्धि परामर्श सेवाहरु प्रोपाईटरी मालसामानहरु (Closed Item) को रुपमा आ.ब.२०८२/८३ मा खरिद गर्नको लागि सम्बन्धित उत्पादक कम्पनिको आधिकारीक बिक्रेता (प्रोपाईटर) हरुले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ को (ग) एवम् सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ८५ (३ र ६) बमोजिम सुचिकृत हुन ईच्छुक कम्पनी/फर्महरुले नबिकरण सहितको फर्म दर्ता ईजाजत पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, सम्बन्धित कम्पनीको आधिकारीक बिक्रेताको प्रमाणपत्र र आ.ब. २०८१/८२ को करचुक्ता वा नबिकरण प्रमाणपत्रको प्रतिलिपि सहित तपसिलमा उल्लेखित मेसिनहरुमा लाग्ने किड्स, केमिकल्स, फिल्म, एसेसरिज, तथा मुख्य मुख्य पार्टस (System Pack Reagent and Disposal) हरुको दररेट सहित सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सुचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित सामान, केमिकल्स, आपूर्ति गर्न एकभन्दा बढी सोही कम्पनीका आधिकारिक बिक्रेताहरुको दररेट पेश हुन आएमा कम दररेट कवोल गर्ने आपूर्तिकर्ता सँग सम्झौता गरी सामान आपूर्तिको व्यबस्था गरिने छ। आवश्यक आधिकारिक कागजात पेश नगरेका र म्याद नाघि आएका निवेदक उपर कारबाही गरिने छैन । विस्तृत जानकारीको लागि जिल्ला अस्पताल संखुवासभामा वा ०२९५६२१८७ मा सम्पर्क राख्न सकिनेछ ।

| S.N. | Equipment Name | Company Name | Model No | Remarks |
|---|---|---|---|---|
| 1. | Fully Automatic Biochemistry Analyzer | Beacon | Beacon B200 | |
| 2. | Fully Automatic Biochemistry Analyzer | Selectra | Pro M | |
| 3. | Fully Automatic Biochemistry Analyzer | Randox | RX monaco | |
| 4. | Haematology Analyzer 5 part | Horiba | Umizen 550 | |
| 5. | Haematology Analyzer 3 part | Horiba | ABX Micros ES 60 | |
| 6. | Electrolyte Analzser | Jokoh | Jokoh ExDS | |
| 7. | Fluorescence Analyzer | Finecare | Iii Plus | |
| 8. | Fully Automated Chemiluminescence immunoassay Analyzer (CIIA) Machine | Shenzhen New Industries Biomedical Engineering | Maglumi 2000 | |
| 9. | Specific Protein Analyzer | Agappe | Mispa i3 | |
| 10. | SD Biosensor Fia Analyser | SD Biosensor | F200 | |
| 11. | X-ray machine DR System | Careestream | - | |

मध्यान्ह
www.madhyanhadaily.com

२६ साउन २०८२ सोमबार
11 August 2025 Monday

# ‘बुद्धको देश नेपाल’ विमोचन



**काठमाडौं/मस–** महाकाव्यकार खेमनाथ दाहालको राष्ट्रिय भावको गीत ‘बुद्धको देश नेपाल’ विमोचन गरिएको छ । काठमाडौंमा आइतबार एक विशेष समारोहबीच नेपाल संस्कृत विश्वविद्यालयका कुलपति प्रा.डा. कुलप्रसाद कोइरालको प्रमुख आतिथ्यता र वरिष्ठ पत्रकार, साहित्यकार पुरुषोत्तम दाहालको सभापतित्वमा उक्त गीतको भिडियो स्विच अन गरेर विमोचन गरिएको हो ।

कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठको स्वर र संगीत रहेको यो गीत महाकाव्यकार दाहालको श्वेतपत्र महाकाव्यबाट साभार गरिएको हो । राजन खरेलको छायांकन एवं दृश्य सम्पादन रहेको गीतको भिडियोमा खेमनाथ दाहाल, उषा दाहाल, सन्तोष श्रेष्ठ र कृष्ण भुसाललाई फिचरिङ गरिएको छ ।

मिलाप मासिकको आयोजना र चलचित्र विकास बोर्डका सदस्य गणेश सुवेदीले सहजीकरण गरेको कार्यक्रममा कृष्ण भुसालले स्वागत मन्तव्य राखेका थिए ।

महाकाव्यकार दाहालले श्वेतपत्र महाकाव्यको चर्चा गर्दै आफूले विभिन्न ठाउँ र परिवेशमा कतै वाहीवाही पाएको र कतै गाली खाएको बताए । उनले भारतका केही ठाउँमा जादा यो कृतिका विषयमा अनावश्यक झन्झट व्यहोर्नु परेको पनि सुनाए ।

वरिष्ठ संगीतकार राजु सिंहले साहित्यलाई संगीतसँग जोड्नु एकदमै राम्रो काम भएको भन्दै स्रष्टा सर्जकलाई बधाई तथा शुभकामना दिए ।

श्वेतपत्रको परिचर्चा गर्दै साहित्यकार तथा पद्मकन्या क्याम्पस नेपाली विभाग प्रमुख डा. अम्बिका अर्यालले कृतिले नेपाल, सिक्किम र भुटानलाई तीन दिदी बहिनीको संवादलाई प्रस्तुत गरेको बताउँदै यसको अझै चर्चा गर्नुपर्नेमा जोड दिइन् । उनले महाकाव्यले व्यक्त गर्न खोजेको सन्देश राम्रो रहेको बताउँदै केही सुझावसमेत प्रस्तुत गरिन् ।

यस्तै, साहित्यकार प्राध्यापक ज्ञाननिष्ठ ज्ञवालीले आफूले धेरै पल्ट श्वेतपत्र महाकाव्य पढेको बताउँदै लेखक दाहालका अन्य धेरै कृति भएपनि यो अब्बल रहेको चर्चा गरे ।

गीतकार संघका अध्यक्ष वसन्त वित्यासी थापाले वरिष्ठ साहित्यकारका रूपमा आफूले दाहाललाई चिन्दै जान्दै आएको भए पनि आजदेखि गीतकारका रूपमा उनको परिचय थपिएकोमा बधाई दिए ।

गजलकार घनेन्द्र ओझाले नेपाली साहित्यमा गजलको चर्चा गर्दै गजल स्वर्णदशकका बारेमा आफ्ना भनाइ राखेका थिए ।

प्रमुख अतिथि प्रा.डा. कोइरालाले उनका अन्य कृति भन्दा महाकाव्य ‘श्वेतपत्र’ र उपन्यास ‘अहोरात्र’ विशेष भएको चर्चा गर्दै विद्रोही चेतनाको नवीन महाकाव्य कृतिका लागि साहित्यकार दाहाललाई शुभकामना दिए ।

कार्यक्रमका सभापति प्रा. पुरुषोत्तम दाहालले महाकाव्यकार खेमनाथसँग आफ्नो पुरानो सम्बन्ध रहेको चर्चा गर्दै नेपाली साहित्यमा उनको योगदानको प्रशंसा गरे । ‘श्वेतपत्र’ महाकाव्यबाट लिइएको गीत र यसको भिडियो राम्रो बनेको बताउँदै उनले सम्बन्धित सबैलाई बधाई तथा शुभकामना दिएका थिए ।

कार्यक्रममा साहित्यकार पत्रकारलगायतका विशिष्ठ व्यक्तित्वहरूको बाक्लो उपस्थिति रहेको थियो ।

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

**ठेक्का स्वीकृतिको आशयको सूचना ।**

(सूचना प्रकाशन मितिः २०८२/०४/२६)

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित बोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका बोलपत्रहरूको विभिन्न मितिमा बसेको बोलपत्र मूल्यांकन समितिको सिफारिस बमोजिम तपसिलको बोलपत्र न्यूनतम मूल्यांकन सारभूत प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | आयोजनाको नाम र आयोजना स्थल | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रु. |
|---|---|---|---|---|
| 1 | NCB/BM/Works/081-82/76 | C4W-Construction of Balbikash Kendra Park, Birendranagar 6, Surkhet | Anahitaa Infrastructure Pvt. Ltd. Mangalsen -3, Achham | 49,24,565/70 (मु.अ.कर तथा PS बाहेक) |
| 2 | NCB/BM/GOODS/081/082-14 | Supply Delivery of Medicines for Birendranagar Municipality, Surkhet | Gadhimai Medihealth Pvt. Ltd. Mahalaxmi Municipality-05, Lalitpur | 12,12,870/- (मु.अ.कर बाहेक) |
| 3 | NCB/BM/ADV/8182/01 | Birendranagar Nagarpalika Bata Prakashit Hune Bigyapan Tatha Suchana Prakashan Garne Kaam | | |
| 3.1 | Fiscal Year 082/083 ko lagi birendranagar nagarpalika ko bigyapan tatha suchana prakashan (rastriya star ko dainik patrika ko bhitri sada pristha ma) | | Alpha Communication Corner and Advertisement Agency Birendranagar 6, surkhet. | 85/- Per CC (मु.अ.कर बाहेक) |
| 3.2 | Fiscal Year 082/083 ko lagi birendranagar nagarpalika ko bigyapan tatha suchana prakashan (sthaniye star ko dainik patrika ko bhitri sada pristha ma) | | peoples access nepal pvt ltd Birendranagar 6, surkhet. | 19/- Per CC (मु.अ.कर बाहेक) |

प्रमुख प्रशासकीय अधिकृत
वीरेन्द्रनगर नगरपालिका कार्यालय, सुर्खेत।

## कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
कोशी प्रदेश, नेपाल

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०८२/०४/२६

यस कनकाई नगरपालिकाको कार्यालयबाट विद्युतीय शिलबन्दी दरभाउपत्र विधिमार्फत मिति २०८२/०४/०२ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विज्ञापन एजेन्सी छनौट सम्बन्धी सूचना बमोजिम प्राप्त भएको दरभाउपत्रहरू मध्ये तपशिल बमोजिमको दरभाउपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्विकृतीका लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | विवरण | ठेका नं. | स्वीकृत दरभाउपत्रदाताको नाम, ठेगाना |
|---|---|---|---|
| १. | विज्ञापन एजेन्सी छनौट | KANAKAI/SQ/S/2082/83-01 | Join Media House Pvt. Ltd Kathmandu 29 (Vat No 305033433) |

जमुना कटुवाल
अधिकृत आठौं

## नेपाल सरकार
## अर्थ मन्त्रालय
## भन्सार विभाग
## दार्चुला भन्सार कार्यालय
खलंगा, दार्चुला

**सवारी तथा ढुवानी साधनको लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक सूचना प्रकाशित मितिः२०८२/०४/२६ गते)

चोरी निकासी/पैठारी अभियोगमा दाखिला भई यस कार्यालयबाट जफत भएका सवारी तथा ढुवानीका साधनहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले सवारी तथा ढुवानीका साधन लिलाम बिक्री सम्बन्धी २१ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र ईच्छुक व्यक्ति, फर्म वा संस्थालाई विस्तृत सूचनामा उल्लेख भए बमोजिमको शर्तमा गोप्य शिलबन्दी बोलपत्रको आह्वान गरिएको छ । यस सम्बन्धमा विस्तृत व्यहोरा भन्सार विभागको वेबसाइट www.customs.gov.np तथा यस कार्यालयको वेबसाइट www.darchula.customs.gov.np का साथै जिल्ला प्रशासन कार्यालय दार्चुला, महाकाली नगरपालिका नगरकार्यपालिकाको कार्यालय दार्चुला, मालपोत कार्यालय दार्चुला, कोष तथा लेखा नियन्त्रक कार्यालय दार्चुला र दार्चुला उद्योग वाणिज्य संघ, दार्चुलाको सूचना पाटीमा प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**Saudi मा रोजगार**
Safir Najd Company Limited is a one person company
पुनः विज्ञापन, पुर्व स्वीकृति मितिः २०८२/२/१ चलानी नं.: ६०२३७८१४ LT No. 323760

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner General | 24 | [illegible] | 1000 | ३७,२९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु.१०,०००।- |

अन्तरवार्ता २०८२ भाद्र २ गते (18 Aug. 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ ।

CHERISH OVERSEASE PVT. LTD.
Samakhusi Town Planning, Kathmandu, Tel: 01-4980414, 4963776
Email : info@cherishovs.com, Website : www.cherishovs.com
Gov. Lic No. 1304/074/075

**कुवेतमा रोजगार**
कम्पनी: GLYCET INDUSTRIES CLEANING MATERIALS RETAIL CO W.L.L. शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/१०/१४ चलानी नं.: ६०२१३८६५ LT. No.: 298843 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant/assistant Accountant | 3 | 0 | सम्बन्धित काममा दक्ष | 350 | १६०३१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Receptionist/office Assistant | 0 | 2 | | 220 | १००७६८ | | | | | | | |
| 3. | Salesperson/sales Associate | 4 | 2 | | 175 | ८०१५७ | | | | | | | |
| 4. | Secretary/admin/office Assistant | 2 | 2 | | 250 | ११४५१० | | | | | | | |
| 5. | Warehouse Staff/ware House Helpers/labors | 10 | 0 | | 150 | ६८७०६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २ गते सम्म (18 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AARAV GLOBAL RECRUITMENT PVT. LTD.
श्रम इजाजत पत्र नं. १२२५/०७४/७५
एकताटोल, सिनामंगल, काठमाडौं (Opposite Hyundai Service Center)
फोन: ०१-४५९२९०५, ०१-४५९२९०६, मो. ९८०२३२३१९५, ९८०२३२३१९६, ९८०२३२३१९७, ९८०२३२३१९८, ९८०२३२३१९९
Email: hiringagr@gmail.com, mail@aaravrecruitment.com, www.facebook.com/aaravglobal.recruitment

**साउदीमा रोजगार**
कम्पनी : FOUR WHEELS AUTO MAINTENANCE CENTER शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ चलानी नं.: ६०२४२६७६ LT. No.:328691

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WORKSHOP WORKER | 3 | 0 | स. काममा दक्ष | 1200 | ४४,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SULAIMAN BIN SALEH AL-MUHAILIB AND SONS COMPANY, A CLOSED JOINT-STOCK COMPANY शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०८२/०४/२३ चलानी नं.: ६०२४२६७५ LT. No.:328830

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCKS DRIVER | 30 | 0 | स. काममा दक्ष | 1800 | ६७,१२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL ENJAZ GENERAL FACTORY FOR INDUSTRY ESTABLISHMENT शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०४/२३ चलानी नं.: ६०२४२६७४ LT. No.:328831

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 3 | 0 | स. काममा दक्ष | 1200 | ४४,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २ गते (18 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.
श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बतिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

**कतारमा रोजगार**
कम्पनी : SWEET HOME SERVICES शहर : DOHA
पूर्व स्वीकृत मितिः २०८२/०४/२२ चलानी नं.: ६०२४२६९६ LT. No.: 328756

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | JUICE MAKERS | 0 | 4 | स. काममा दक्ष | 1300 | ४९,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २ गते (18 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Om International Human Resources Pvt. Ltd.
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal, Tel : 01-4963646, 4980145

**साउदीमा रोजगार**
कम्पनी : AZZAM NASSER REDA AL SHARIF GENERAL CONTRACTING COMPANY शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०८२/०४/२४ चलानी नं.: ६०२४२६६८ LT. No.: 328797

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | The Quarry Worker | 1 | 0 | स. काममा दक्ष | 3000 | १,११,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ भदौ २ गते (18 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

"A friend at your service"
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5439331, 5454499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np, pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

**बहराइनमा रोजगारको अवसर**
कम्पनी: ASFI CONTRACTING & TRADING शहर: MANAMA
पूर्व स्वीकृत मितिः २०८१/०१/०७ चलानी नं.: ६०२१८४५९ LT. No.: 303562 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 5 | 0 | स. काममा दक्ष | 100 | ३७,१२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २ गते (18 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Radium International Employment Services Pvt. Ltd.
श्रम इजाजत नं. ९६८/०६७/०६८
Baneshwor, Kathmandu, Tel. : 4489492 , 01-4485172
Email: info@radiumemployment.com, Web.: www.radiumemployment.com

**मलेसियामा रोजगार**
कम्पनी : AMG ARMOURGUARD SDN BHD शहर : JALAN
पूर्व स्वीकृत मितिः २०८२/०१/२५ चलानी नं.: ६०२३७३७१ L.T. No.: 323432 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 27 | 0 | स. काममा दक्ष | 1700 | ५६,११७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २ गते (18 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

RHYTHM OVERSEAS PVT. LTD.
Govt. Lic. No. 865/066/067
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825, 9804766695
9766461836 | 9861734468 Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

**बहराइनमा रोजगार**
कम्पनी : BOSS SPA AND SALON शहर: BAHRAIN,ARAD
पूर्व स्वीकृत मितिः २०८१/०४/२१ चलानी नं.: ६०२२३१३० L.T. No.:308469 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/worker | 5 | 0 | स. काममा दक्ष | 100 | ३७,१२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २ गते (18 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

सुगम ओभरसिज प्रा. लि.
SUGAM OVERSEAS PVT. LTD.
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam1@gmail.com | Web: www.sugamoverseas.cm

# नेपाल उत्तर कोरियासँग ११–० ले पराजित



**काठमाडौं/मस-** एएफसी यु-२० महिला एसियन कप छनोटको समूह 'ए'को अन्तिम खेलमा नेपाल उत्तर कोरियासँग फराकिलो अन्तरले पराजित भएको छ। भुटानको थिम्पुस्थित चाङलिमिथाङ रंगशालामा आइतबार सम्पन्न खेलमा नेपाल उत्तर कोरियासँग ११–० गोलअन्तरले पराजित भएको हो। यस हारसँगै नेपाल प्रतियोगिताबाट बाहिरिएको छ।

साविक विजेता उत्तर कोरियाले पहिलो हाफमा ५ र दोस्रो हाफमा ६ गोल गर्दै नेपाललाई पराजित गऱ्यो। यससँगै समूहका सबै तीन खेल जितेको उत्तर कोरिया ९ अंकसहित समूह विजेता बन्दै अर्को वर्ष थाइल्याण्डमा हुने एसियन कपमा स्थान बनाउन सफल भयो। छनोट चरणमा उत्तर कोरियाले जम्मा ३६ गोल गर्दा एकपटक पनि गोल खानु परेन।

नेपालले भने तीन खेलबाट ४ अंक मात्र बटुल्यो। पहिलो खेलमा भुटानसँग १-१ को बराबरी खेलेको नेपालले दोस्रो खेलमा साउदी अरबलाई १-० ले पराजित गरेको थियो। तर अन्तिम खेलमा जित्नै पर्ने अवस्थामा उत्तर कोरियासँग ठूलो हार व्यहोर्दा उत्कृष्ट उपविजेता बन्ने सम्भावना पनि समाप्त भयो। छनोट नियमअनुसार ८ समूहका विजेता सिधै छनोट हुनेछन्। भने उत्कृष्ट तीन उपविजेता पनि मुख्य चरणमा पुग्नेछन्। तर, अन्य समूहका दोस्रो स्थानका टिमले यसअघि नै ६ अंक जोडेका कारण नेपालको यात्रा यहीं समाप्त भएको हो।

## टप एन्ड टी-२० सिरिज खेल्न अस्ट्रेलिया जाने नेपाली टोलीको बिदाइ




**काठमाडौं/मस-** अस्ट्रेलियाको डार्बिनमा यही अगस्ट १४ देखि २४ सम्म हुने टप एन्ड टी-२० क्रिकेट सिरिजमा सहभागी हुन जाने नेपाली राष्ट्रिय क्रिकेट टोलीको बिदाइ गरिएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले आइतबार राजधानीमा एक विशेष कार्यक्रम आयोजना गर्दै टोलीलाई बिदाइ गरेको हो। नेपाली टोली सोमबार बिहान अस्ट्रेलिया प्रस्थान गर्दैछ।

बिदाइ कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य-सचिव टंकलाल घिसिङ, क्यान अध्यक्ष चतुरबहादुर चन्द, महासचिव पारस खड्कालगायतका पदाधिकारीले टोलीलाई सफलताको शुभकामना दिएका थिए।

टप एन्ड टी-२० क्रिकेट सिरिज यस संस्करणमा नेपालसहित ११ टोली सहभागी छन्। नेपाली लिग चरणमा ६ खेल खेल्नेछ। प्रतिस्पर्धामा पाकिस्तान शाहीन्स (पाकिस्तान 'ए'), बंगलादेश 'ए', अमेरिकाको शिकागो किङ्समेनसहित अस्ट्रेलियाका पाँच बिग ब्यास एकेडेमी टोली-होबार्ट हरिकेन्स, पर्थ स्कोर्चर्स, एडिलेड स्ट्राइकर्स, मेलबर्न स्टार्स र मेलबर्न रेनेगेड्स, एसीटी कोमेट्स र स्थानीय नर्दर्न टेरिटोरी स्ट्राइक छन्। लिग चरणपछि शीर्ष चार टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् र विजेता दुई टोलीबीच फाइनल हुनेछ। नेपाल फाइनलसम्म पुगेमा कुल ८ खेल खेल्नेछ। सन् २०२३ को अघिल्लो संस्करणमा जम्मा पाँच टोली मात्र सहभागी भए पनि यसपटक सहभागीको संख्या दोब्बर भइसकेको छ।

नेपालले पहिलो खेल अगस्ट १५ मा नर्दर्न टेरिटरी स्ट्राइकविरुद्ध खेल्नेछ। नेपालले अगस्ट १६ मा बंगलादेश 'ए', अगस्ट १८ मा मेलबर्न स्टार्स, अगस्ट १९ मा होबार्ट हरिकेन्स, अगस्ट २० मा मेलबर्न रेनेगेड्स र अगस्ट २२ मा पाकिस्तान शाहीन्ससँग प्रतिस्पर्धा गर्ने छ।

क्यानका अनुसार यो भ्रमण आगामी अक्टोबरमा ओमानमा हुने आइसिसी पुरुष टी-२० विश्वकप एसिया तथा पूर्वी एसिया-प्रशान्त संयुक्त छनोट प्रतियोगिताको तयारी स्वरूप हो। उक्त छनोटमा नौ टोलीबीच प्रतिस्पर्धा हुनेछ र शीर्ष तीन टोलीले सन् २०२६ मा भारत र श्रीलंकामा हुने टी-२० विश्वकपमा स्थान बनाउने छन्।

यसअघि, नेपाली अस्ट्रेलियाको यो यात्रा सकेर सेप्टेम्बरमा यूएईमा वेस्ट इन्डिजसँग ऐतिहासिक तीन खेलको टी-२० अन्तर्राष्ट्रिय सिरिज खेल्ने छ।

मुख्य प्रशिक्षक स्टुअर्ट लले टप एन्ड टी-२० सिरिजले टोलीलाई उत्कृष्ट प्रतिस्पर्धात्मक अनुभव दिने बताए। कप्तान रोहित पौडेलले पनि प्रतिस्पर्धी टोलीहरूको स्तर उच्च भएकाले विश्वकप छनोटका लागि बलियो तयारी हुने विश्वास व्यक्त गरे।

टोलीमा ललित राजवंशीको स्थानमा साहब आलम जाने भएको छन्। ललितको आमाको निधन भएपछि साहब जान लागेको क्यानले जानकारी दिएको छ।


# ऐच्छिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**काठमाडौं म.न.पा. वडा नं. २२, प्युखा, काठमाडौं, फोन नं ०१-५७१३१८५**

**धितोमा रहेको अचल सम्पति लिलाम बिक्रि गर्न डाँक बढाबढ आह्वान सम्बन्धी ३५ दिने सार्वजनिक सुचना**

**सूचना प्रकाशित मिति : २०८२/०४/२६**

यस सहकारी संस्थाबाट ऋण लिएका तपशिलमा उल्लेखित ऋणीले कर्जा लिदा गरिदिएको लिखत र ऋण स्वकिृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज र हर्जनाको रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उलङ्घन गरेको र यस संस्थाबाट पटक पटक मौखिक तथा लिखित तर ताकेता गर्दा समेत आफुले लिएको ऋणको दायित्व फछ्र्यौट गर्न पुर्ण वेवास्ता गर्नु भएकोले धितो लिलाम विक्रि गर्न यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र तपाई ऋणिले तिर्नु बुझाउन बाकी रहेको रकम तिर्न बुझाउन आउनुहोला, नआएमा तपाई ऋणिले ऋण कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको अचल सम्पति/धितो जे जस्तो अवस्थामा छ सोहि अवस्थामा सहकारी ऐन २०७४ एवं सहकारी नियमावली ०७५ बमोजिम डाँक बढाबढको माध्यमबाट लिलाम विक्रि गरी संस्थाले आफ्नो लेना रकम असुलउपर गरिलिने भएकोले डाँक बढाबढमा भागलिन ईच्छुक व्यक्तिहरुले आजका मितिले ३६ (छतिसौं) दिनको ११:०० देखी ४:०० बजे सम्म यस संस्थाको कार्यालय प्युखा न्यरोड, काठमाडौंमा उपस्थित भई कायमी चलन चल्ती (न्युनतम मुल्य) मुल्यलाई आधार मानी आफुले बोल्न चाहेको डाँक अङ्क उल्लेख गरी खुल्ला रुपमा डाँक बढाबढको फारम भरी पेश गर्नुहुन आव्हान गरिन्छ। धितो लिलाम विक्रिका क्रममा धितोको सम्पति कसैले पनि डाँक बोल कबोल गरि नलिएमा सहकारी ऐन तथा नियमावली बमोजिम सो सम्पति संस्था आफैले सकार गरी स्वामित्व मालिन सक्नेछ। यसरी लिलाम वा सकार हुदा हाम्रो/मेरो सम्पति कम मुल्यमा वायथोचित मुल्यांकन नगरी लिलाम/सकार गरि लियो भनि कहिं कतै उजुर वाजुर गर्न पाईने छैन। साथै धितो बन्धकीमा रहेको अचल सम्पति विक्रि गर्दा पनि यस संस्थाको सम्पुर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन, नियम अनुसार ऋणि तथा व्यक्तिगत जमानत कर्ताको अन्य चल/अचल जाय जेथा/श्री सम्पतिबाट बाकी लेना रकम असुल गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सुचनाबाट जानकारी गराईन्छ।

**तपसिल**

| ऋणिको तिनपुस्ते नाम र ठेगाना | व्यक्तिगत जमानी कर्ता | धितोको बिबरण | ऋणिले बुझाउनु पर्ने साँवा, ब्याज र हर्जाना रकम (एक मुष्ट) |
|---|---|---|---|
| नाम: अप्सरा कार्की<br>बाबु: भोज बहादुर भण्डारी<br>पति: बालकृष्ण कार्की<br>ना.प्र.नं.- ११००१, मकवानपुर<br>साबिक ठेगाना: मकवानपुर जिल्ला हेटौडा.न.पा..-११ बाग्मती प्रदेश<br>हालको ठेगाना:- काठमाडौं जिल्ला का.म.न.पा. वडा नं १० बुद्धनगर, बागमती प्रदेश<br>सम्पर्क नं- ९८४५१४९५२७ | १.नाम: होमराज गौतम<br>बाबु: भवनाथ गौतम<br>ठेगाना: हाल का.जि.का.म.न.पा.-१० बानेश्वर, काठमाडौं<br>२.नाम: बालकृष्ण कार्की<br>बाबु: प्रेम बहादुर कार्की<br>ठेगाना: हाल का.जि.का.म.न.पा. १०, काठमाडौं | काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. १०, सि.नं १०२११८६०१ कि.नं. ६२४ क्षे.फ. ९५.३९ बर्ग मि. मात्र<br>जग्गा धनी- अप्सरा कार्की | रु १,७६,०६०००।-<br>अक्षेरुपी: एक करोड छयाहत्तर लाख छ हजार मात्र। |

**शर्तहरु**

१. डाँक बढाबढ आवेदन फाराम संस्थाको कार्यालय का.म.न.पा.-२२, प्युखा काठमाडौं र बाट रु ५०० (पाँच सय) तिरि खरिद गर्न सकिनेछ।
२. डाँक बढाबढ फारममा आफुले पहिलो पटक कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ भने क्रमश बढाबढ रकम समेत सोही फारममा थप गर्दै जानु पर्नेछ। डाँक बोल्नेले आफुले लिन चाहेको चलअचल सम्पतिको विवरण प्रकाशित सुचनाको आधारमा भर्नुपर्ने छ।
३. सबैभन्दा बढी डाँक बोल कबोल गर्नेले आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम सोहि दिन यस संस्थामा जम्मा गरी उक्त भौचरको प्रतिवा संस्थाको नाममा जारी गरेको गुड फर पेमेन्ट चेकको सक्कल प्रति पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्रि हुने धितो निरिक्षण गर्न चाहेमा लिलाम गरिने दिनभन्दा अगावै संस्थाको कार्यालयमा सम्पर्क राखी धितो जे जस्तो अवस्थामा छ सोहि अवस्थामा निरिक्षण गर्न सकिनेछ।
५. डाँक बोली स्वीकार भएको पत्रपाएको मितिले ७ दिनभित्र कबोल गरेको सम्पुर्ण रकम बुझाई अचल सम्पति आफनो नाममा नामासारी गरि लिनुपर्नेछ। सो म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत:जफत हुनेछ।
६. डाँक बोलपत्र दाखिल भईसकेपछि बोल कबोल गरिएको रकम वाशर्तमा कुनै हेरफेर हुने छैन। साथै डाँक बोल कबोल स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन।
७. कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको देखिएमा त्यस्तो डाँक बोलकबोल स्वत: रद्द हुनेछ।
८. डाँक बोल कबोल पत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार संस्थामा नै निहित रहनेछ। बोल कबोल स्वीकृत भएमा उक्त सम्पति बोल कबोल वालाको नाममा नामासारी, दाखिल खारेज गर्दा लाग्ने शिफारिस/रजिष्ट्रेशन दस्तुर वा अन्य सबै प्रकारको सरकारी शुल्क डाँक बोल कबोल कर्ता स्वयले तिर्नु व्यर्होनु पर्नेछ।
९. डाँक बोलपत्र सदर/बदर हुनु अगावै ऋणिले सम्पुर्ण रकम बुझाएमा प्राप्त डाँक बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ।
१०. डाँक बोल कबोल गरिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोहि स्थानमा दिनको ४.०० बजे उपस्थित प्रतिनिधिहरुको रोहबरमा डाँक बोल कबोल गरिनेछ, साथै सबै प्रतिनिधिको उपस्थिति नभएमा पनि बोल कबोल गर्न बाधा पर्ने छैन।

**डाँक बोलक बोल गरिने मिति: २०८२/०५/३१ आईतबार**
**समय: दिनको ११ - ४:०० बजे सम्म**
**स्थान: संस्थाको कार्यालय, का.म.न.पा.- २२, प्युखा, काठमाडौं**



## साउदीमा रोजगार

कम्पनी: KHALED MOAZZI AL HARBI COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०४/२३ — चलानी नं.: ६०२४२६८२ — L.T. No.:328820

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
